# अध्याय ३

## दार्जिलिङ पहाडी क्षेत्रको परिचय

### ३.१. दार्जिलिङ पहाडी क्षेत्रको स्थलाकृतिपरक परिचय

दार्जिलिङ जिल्ला उत्तर अक्षांश २६° ३१' दक्षिण अक्षांश २६° ३१' अनि पूर्वी देशान्तर ८८° ५३' मा अवस्थित छ। दार्जिलिङ पहाडी क्षेत्र भने उत्तर अक्षांश २७° ३' र पूर्वीय देशान्तर ८८° १६' मा अवस्थित छ।[१९०]

पश्चिम बङ्गालको सुदूर उत्तर दिशामा स्थित दार्जिलिङ पहाडी क्षेत्रको आयातन दार्जिलिङ सदर, खरसाङ र कालेबुङ महकुमा लगाएर २८१७.२५ वर्गकिलोमिटर देखिन्छ।[१९१]

के. सी. भान्जानुसार २४८६.४० वर्गकिलोमिटर अथवा ११६४ वर्गमाइल आयातन भएको दार्जिलिङ जिल्लामा ४४५ वर्गमाइल आयातन क्षेत्र वनविभागको निम्ति आरक्षित छ।[१९२] सन् १९८८ मा गठित दार्जिलिङ गोर्खा पार्वत्य परिषद्पछि भने वनविभागका निम्ति आरक्षित क्षेत्रफलमा परिवर्तन आएको पाइन्छ।

सन् १९४० मा दार्जिलिङ जिल्लामा १४२ वटा चियाबारीहरू देखापरे तापनि वर्तमान दार्जिलिङ जिल्लामा ८७ वटा मात्र पञ्जीकृत चियाबारीहरू पाइन्छन्।[१९३]

सन् १९४३ मा २५८.७५ वर्गमाइल पट्टा जमिनमध्ये ९८.८ वर्गमाइल चियाको खेती र २२,४०० ऐकर जमिन सिन्कोनाको खेतीको निम्ति सुरक्षित'[१९४] देखिने क्षेत्रफलमा आज परिवर्तन आएको देखिन्छ।

सिक्किमका राजाबाट सन् १८३५ मा स्वास्थ्य केन्द्र बनाउने उद्देश्यले अङ्ग्रेज सरकारलाई उपहार

---

१९०. आर्थर जुल्स ड्यास, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर, पृ. १।

१९१. गभर्नमेन्ट अफ् वेस्ट बेङ्गल प्लान्स फर दार्जिलिङ हिल एरियाज, भूमिका, सन् १९८०-८५।

१९२. के. सी. भान्जा, वन्डर्स अफ् दार्जिलिङ एन्ड दि सिक्किम हिमालय, पृ. ५२।

१९३. मुस्करा फरिदि र पासङ दोर्जी लेप्चा, 'एरिया एन्ड इसु प्रोफाइल अफ् दार्जिलिङ, दार्जिलिङ, आर.सी.डी.सी. हेडेन हलद्वारा प्रकाशित, मिति अनुल्लिखित, पृ. ३५।

१९४. आर्थर जुल्स ड्यास, पूर्ववत्, पृ. ११५-१४०।

स्वरूप प्रदान गरिएको दार्जिलिङ पहाड र यसको मधेश खण्ड गरी केवल ६४० वर्गमाइल रहेको देखिन्छ। कालान्तरमा सन् १८६५ मा अङ्ग्रेज सरकार र भुटानमाझ भएको सिन्चुला सन्धिपछि कालेबुङ खण्डको ४०१ वर्गमाइल पनि जिल्लामा अन्तर्भुक्त भएपछि दार्जिलिङको आयातन ९६० वर्गमाइल रहेको पाइन्छ। यस जिल्लाको तराई खण्ड भने २४७ वर्गमाइल छ।[१९५] चर्चित क्षेत्रफलमध्ये दार्जिलिङ पहाडी क्षेत्रको ३८% भूभाग वनजङ्गल, १८% भूभाग चियाबारी, २% सिन्कोनाबारी र ४२% भूभाग खासमल क्षेत्रमा विभाजित देखिन्छ।[१९६]

स्थलाकृतिपरक दृष्टिले असमान त्रिभुज आकारको मानचित्र देखापर्ने दार्जिलिङको उत्तरमा *सिक्किम, भुटान*, पश्चिममा *नेपाल, भुटान,* पूर्वमा पश्चिम *बङ्गालको जलपाइगुडी* जिल्ला र *बङ्गलादेश* अनि दक्षिणमा *बिहारको पूर्णिया* जिल्ला र पश्चिम बङ्गालकै *पश्चिम दिनाजपुर* अवस्थित छ।

दार्जिलिङ पहाडी क्षेत्रको स्थलाकृतिको सन्दर्भमा चर्चा गर्दा यसको उत्तर दिशामा समुद्र तलदेखि १२,००० फुटको उचाइमा *फालुट* अवस्थित छ। यसलाई नेपाल, सिक्किम र दार्जिलिङको सिमाना स्थल मानिन्छ। यही फालुटबाट सुरु भएको पहाडी क्षेत्र वा डाँडा-काँडाहरू पूर्व दिशा भएर अगाडि बढ्दा *रमाम* नदीको किनारै किनार भई *रङ्गीत*को किनारामा देखापर्ने डाँडा-काँडासित मिल्न गई क्षेत्रको पूर्वी सिमाना निर्धारित भएको छ।

अर्कोतर्फ फालुटबाट नै फैलिएको डाँडा पश्चिमतिर बढ्दै जाँदा *टिस्टा, रङ्फोछु, रिसिछु* आदि नदीका किनारै किनार हुँदै सिक्किम, भुटान र भारतको सिमाना १०,५०० फिटको उचाइमा रहेको *रिसिला* भन्ज्याङसित मिल्न गएको पाइन्छ। रिसिला भन्ज्याङदेखि त्यही पहाड वा डाँडा दक्षिण-पूर्व दिशा हुँदै *दिच्छु* भएर *जलढाका* नदीको किनारमा स्थित डाँडाहरूसित मिल्न गई दक्षिण पूर्वीय सिमाना कोर्न पुगेको छ।

सिमानाकै सन्दर्भमा चर्चा गर्दा दार्जिलिङ पहाडी क्षेत्रको पछिल्तिर उत्तर-पश्चिम दिशामा भने ठुलो ढालसरह भई २८,१४६ फुटको उचाइमा *कन्चनजङ्घा* अवस्थित छ। यसैको ५० वर्गमाइलको दुरत्वमा उत्तर पूर्व दिशामा २३,१४८ फुटको उचाइमा *दोङ्ख्या* पर्वत भेटिन्छ।[१९७] यसरी नै *कन्चनजङ्घादे*खि ६० वर्गमाइलको दुरत्वमा दक्षिणतिर भने *सिङलीला* पहाड फैलिएको छ। फालुटपछि सिङलीला पहाडलाई दार्जिलिङ पहाडी क्षेत्रको सिमाना कोर्ने अर्को प्रमुख पहाड मानिन्छ। १०,००० देखि १२,००० फुटको उचाइको यो पहाड दक्षिणतिर *सन्दकफू* हुँदै ६,००० फुटको उचाइमा देखापर्ने *मानेभन्ज्याङ*को डाँडासित मिल्न गएको पाइन्छ

---

१९५. सोनाम बी. वाङ्गेल, सिक्किम एन्ड दार्जिलिङ:डिभिजन एन्ड डिसेप्सन, पृ. २१।

१९६. मुस्करा फरिदि र पासङ दोर्जी लेप्चा, 'एरिया एन्ड इसु प्रोफाइल अफ् दार्जिलिङ, पृ. ३५।

१९७. एल. एस. ओम्याली, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर:दार्जिलङ, पृ. ४।

जुन क्षेत्र नेपाल राष्ट्र र दार्जिलिङको सिमानामा स्थित छ। यही पहाड मानेभन्ज्याङदेखि पूर्वतिर अघि बढ्दा ७,३७१ फुटको उचाइमा रहेको *घुम पहाड* हुँदै ८,६०० फुटको उचाइमा अवस्थित *सिन्चेल र टाइगरहिल* भई दक्षिण पूर्व दिशातिर खरसाङको *महाल्दीराम* र *डाउहिल* भएर मधेस र पहाडको सिमाना बन्नपुगेको पाइन्छ।

पूर्वतिर अझ तन्किएर गएको *सिङलीला पहाड तक्दा, पेसोक*का डाँडाहरु हुँदै *रङ्गीत र टिस्टा*को सन्धिस्थल पार गरी *सिटोङ*को डाँडासित मिलेको देखिन्छ।

दार्जिलिङ सहर यही सिङलीला पहाड तन्किएको मानेभन्ज्याङदेखि सिन्चेलसम्मका डाँडा-काँडाहरुको लहरमा अवस्थित छ।[१९८] टिस्टादेखि पूर्वतिर भने १०,३०० फुटको उचाइमा देखिने सिक्किम, भुटान र भारतको सिमाना भएको सङ्गम स्थल *रिसिला* भेटिन्छ। यो भन्ज्याङबाहेक पनि यस भेकमा दार्जिलिङ पहाडी क्षेत्रको सिमाना कोरेर बसेका पहाड-पर्वत डाँडा-काँडाहरुको लहरमा *खेमपुङ, सोङचोङ्लु, पोदामलु, दामसोङ* आदि ६,००० देखि ७,००० फुटको उचाइमा अवस्थित भेटिन्छन्।[१९९] यसरी नै *रिसिला* पहाडसित योग भई दक्षिण-पश्चिम दिशा भएर तराई खण्ड र पहाडी खण्डको सिमाना लगाउन पुगेको *सिङलीला* पहाड नै यस भेकका डाँडा-काँडाहरुसित मिलेर *पेदोङ*देखि मास्तिर *कालेबुङ* क्षेत्रको सिमाना लगाउन पुगेको देखिन्छ।

दार्जिलिङ पहाडी क्षेत्रको स्थलाकृतिको चर्चा गर्दा उत्तर-पश्चिम दिशादेखि पूर्व दिशासम्म नै फैलिएर गएका विभिन्न पहाड-पर्वत, डाँडा-काँडाले यसको सिमाना कोर्न पुगेको स्पष्ट देखिन्छ, यद्यपि क्षेत्रको सिमाना कोर्नमा यहाँका खोला-नालाहरुको भूमिका पनि उत्ति कै महत्त्वपूर्ण देखिन्छ।

समुद्र तलदेखि २१,००० फुटको उचाइमा उत्तर सिक्किममा स्थित *हिमनदी* [२००] बाट उत्पन्न टिस्टा र यसैका सहायक नदीहरुले दार्जिलिङ पहाडी क्षेत्रको सिमाना कोर्न पुगेका छन्। *टिस्टा* नदी नै प्रमुख नदीको रुपमा देखापर्ने यस क्षेत्रमा टिस्टाकै सहायक नदीहरुका रुपमा *रङ्पो, रेली, रियाङ, रङ्गीत* आदि देखिन्छन्।

सिक्किम र दार्जिलिङको सिमाना भएर देखापर्ने टिस्टा नदी दक्षिण दिशातिर बग्दै जाँदा *शिवखोला*सित सङ्गम भएपछि तराईमा जलपाइगुडी जिल्लाको उत्तर-पश्चिम हुँदै ब्रह्मपुत्रमा विलीन हुनगएको पाइन्छ।[२०१]

दार्जिलिङ पहाडी क्षेत्रलगायत जिल्लाको देब्रेतिरको सिमाना बनाउने नदीहरुका रुपमा *रङ्पो, रेली,* ठुलो रङ्गीत आदि देखिन्छन्। यसरी नै क्षेत्रको दाहिनेतिरको सिमाना कोर्ने नदीहरुका रुपमा भने *रियाङ,*

---

१९८. आर्थर जुल्स ड्यास, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ, पृ. २-३।

१९९. एल. एस. एस. ओम्याली, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ, पृ. ४-६।

२००. एल. एस. एस. ओम्याली, पूर्ववत्, पृ.।

२०१. एल. एस. एस. ओम्याली, पूर्ववत्, पृ. ४।

*सेवोक* आदि छन्।

यीमध्ये *ठुलो रङ्गीत* सिक्किमबाट दार्जिलिङ क्षेत्रको उत्तरी सिमाना बनाउँदै क्षेत्रीय नदी *रमाम*सित सम्मिलन हुन गएको पाइन्छ। त्यहीबाट यो नदी तलतिर ओर्लिँदा *सानो रङ्गीत, रङ्नु*जस्ता क्षेत्रीय नदीहरूसित मिसिन्छन् जुन नदीहरूको मुहान *तङ्लु, सिन्चेल, फालुट* मानिन्छन्।

*टिस्टा* नदी नै पूर्वतिर जाँदा *जलढाका*सित मिल्न गई भुटान र दार्जिलिङको सिमाना बन्न पुगेको छ। यस भूभागमा भने टिस्टाको नजिक भएर बग्ने क्षेत्रीय नदीहरूका रूपमा *लिस, घिस, चेल* आदि देखिन्छन्।

टिस्टाको पश्चिमतिर भने *महानदी, बालासन* र *मेची* दार्जिलिङलाई अन्य भूभागहरुदेखि अलग बनाउने नदीहरूका रूपमा चिन्हित छन्।

यीमध्ये महाल्दीरामबाट सुरु भएको *महानदी*ले पहाडी क्षेत्र हुँदै मधेस खण्ड भएर दक्षिण-पश्चिम दिशामा जलपाइगुडी र दार्जिलिङको सिमाना कोर्न पुगेको पाइन्छ।

यसरी नै घुम सिमानानजिक *लेप्चा जकात* नामक ठाउँको डाँडाबाट सुरु भएको *बालासन* नदी खरसाङदेखि पश्चिम दिशा हुँदै तराईमा पुग्दा दुई शाखामा विभाजित देखिन्छन् जसमध्ये नयाँ बालासन सिलगढीको महानदीसित मिल्न गएको पाइन्छ भने ठुलो बालासन अझ दक्षिण दिशा भएर अघि बढ्दै जाँदा दार्जिलिङ जिल्ला र बिहारको पूर्णिया जिल्लाको सिमाना बन्न पुगेको छ। जिल्लाको पश्चिम सिमाना भएर भने नेपाल र दार्जिलिङलाई छुट्याउने सिमानाको रुपमा मेची नदी देखिन्छ।

यसरी दार्जिलिङ पहाडी क्षेत्रको स्थलाकृतिको सन्दर्भमा चर्चा गर्दा यस पहाडी क्षेत्र पहाड-पर्वत, डाँडा-काँडा, खोला-नालाले घेरिएको असमान त्रिभुज आकारको मानचित्रभित्र अवस्थित भेटिन्छ।

## ३.२. दार्जिलिङ पहाडी क्षेत्रको जनसाङ्ख्यिकीय परिचय

सन् १८३५ मा सिक्किमका राजाबाट इस्ट इन्डिया कम्पनीको हातमा दार्जिलिङ दिएको बेला दार्जिलिङ पहाडी क्षेत्रमा केही झुप्राझुप्रीहरु र १०० जनसङ्ख्या रहेको पाइन्छ।[२०२] सन् १८३९ मा क्याम्बेलले दिएको १०० जनसङ्ख्या र केही झुप्राझुप्रीहरु भन्ने विवरण आजको महाकाल डाँडा छेउछाउ वा वर्तमान सहरको जनसङ्ख्या भन्ने बुझिन्छ। चर्चित जनसङ्ख्या र झुप्राझुप्रीहरुमा तिनताक उपलब्ध १३८ वर्गमाइलभित्र पर्ने *ठुलो रङ्गीत*देखि दक्षिण, *बालासन, काइल, सानो रङ्गीत*देखि पूर्व अनि *रुङ्नो* र

---

२०२. एल. एस. एस. ओम्याली, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ, पृ. ३५।

*महानदी*देखि पश्चिमका वन जङ्गलले ढाकिएको क्षेत्रहरुमा देखापर्ने एकाध गाउँ-बस्तीमा बसोबासो गर्ने मानवजातिको हिसाब नरहेको बुझिन्छ।[२०३]

दार्जिलिङलाई पहाडमा विश्राम-स्थल बनाउने उद्देश्यले अङ्ग्रेज सरकारद्वारा अपनाइएको विभिन्न नीतिका फलस्वरुप गाँस-वासको खोजीमा छिमेकी राज्यहरुबाट मानिसहरुको आवासन हुनथालेपछि यहाँको जनसङ्ख्यामा वृद्धि आएको पाइन्छ। सन् १८४० भित्र आजको दार्जिलिङ सहरमा लगभग ३० वटा ठुल्ठुला भवनहरुको निर्माण[२०४] सँगै बढ्दो जनसङ्ख्याको प्रमाण सन् १८५० मा डा. क्याम्बेलले दिएको विवरणअनुसार देखापर्न आएको १०,००० जनसङ्ख्याबाट मात्र सकिन्छ।[२०५]

सन् १८६० मा सिक्किमका राजासित भएको झगडापछि दार्जिलिङको पश्चिमतिर नेपाल राज्यको सिमानासम्म, पूर्वमा टिस्टा नदीसम्म र तराई खण्ड पनि क्षेत्रमा जोडिन आएपछि जनसङ्ख्यामा अझ वृद्धि आएको पाइन्छ। सन् १८६९ मा गरिएको खस्रो जनगणनाले तिनताक दार्जिलिङ पहाडी क्षेत्रको जनसङ्ख्या २२,००० भन्दा ज्यादा देखिन्छ जसमध्ये १८६५ मा भएको भुटान-अङ्ग्रेज युद्धपछि जोडिन आएको कालेबुङ महकुमाको जनसङ्या ३,५३९ रहेको पाइन्छ।[२०६]

दार्जिलिङ जिल्लाको नियमित जनगणना भने सन् १९७२ देखि सुरु भएको पाइन्छ, यद्यपि तिनताक स्थायी गाउँको अनुपस्थिति, छरिएको जनसङ्ख्या, मान्छेको निरक्षरताजस्ता कारणले १८७१-७२ माझ पर्ने शीतकालमा भएको जनगणना जटिल कार्य बन्नगएको कुरो देखिन्छ। तिनताक सी. एफ. मगार्थद्वारा गरिएको जनगणना अनुसार दार्जिलिङ जिल्लामा मोठ ९४,७१२ जनसङ्ख्या देखिन्छ। जिल्ला स्तरमा भएको यो प्रथम जनगणना मानिन्छ।

सन् १८७२ मा गरिएको जातिगत भिन्नतामा केन्द्रित जनगणनाले तत्कालीन दार्जिलिङमा बसोबासो गर्ने युरोपेली र अमरिकेली जम्मा ४२०, युरेसियाली ३२, भारत र ब्रिटिस बर्माका देशज नभएका एसियाली अर्थात् नेपाली २५,७८१, आदिवासी १४,०८८, अर्धहिन्दू आदिवासी २५,०२९, हिन्दू जाति २३,१४४, महम्मदन ६,२४८ पाइन्छन्। मगार्थद्वारा यसरी जातिहरुमा वर्गीकरण गरी प्रस्तुत गरिएको जनगणना प्रलेखलाई डाक्टर रेनीले अवैज्ञानिक भनेको कुरो कुमार प्रधान प्रस्तुत गर्छन्।[२०७]

मगार्थले नेपाली जाति सम्बन्धमा दिएको जनगणनामा त्रुटिहरु देखापरेपछि हन्टरले यो भुल सकारेर

२०३. कुमार प्रधान, पहिलो प्रहर, पृ. १९-२०।
२०४. के. सी. भान्जा, वन्डर्स अफ् दार्जिलिङ एन्ड दि सिक्किम हिमालय, पृ. ३८।
२०५. आर्थर जुल्स ड्यास, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ, पृ. ४९।
२०६. राहुल सांकृत्यायन, दोर्जेलिङ परिचय,पृ. ३३।
२०७. कुमार प्रधान, पूर्ववत्, पृ. २६-२९।

अर्के प्रलेख प्रस्तुत गर्दा नेपालीको जनसङ्ख्या ३५,३८० पुगेको देखिन्छ, जसमध्ये मूल मातृभाषा नेपाली हुने बाहुन, छेत्री, कामी, दमाई, सार्की लगभग ४ हजार अनि भोट-बर्मेली भाषिक पृष्ठभूमि भएका मतवाली जाति ३१ हजार रहेका पाइन्छन्।[२०८]

तिनताक मगार्थले प्रस्तुत गरेको जनगणना प्रलेखमा उल्लिखित नेपाली शीर्षकमा परेका उन्चालिस जात र जातिहरु निम्न प्रकार छन्–

| क्रम सङ्ख्या | जाति | जनसङ्ख्या |
|---|---|---|
| १. | आले | ९ |
| २. | बस्नेत | २ |
| ३. | चिबिङ | १५ |
| ४. | दमाई | २५२ |
| ५. | दिवान | ७ |
| ६. | दिल्पाली | ४ |
| ७. | दुर्लामी | २६ |
| ८. | गाइने | २८ |
| ९. | घले | ५३७ |
| १०. | खावा | ३१० |
| ११. | लिम्बू | ४६६३ |
| १२. | मगर | ३०११ |
| १३. | माझी | २७५ |
| १४. | मोक्तान | ३ |
| १५. | नेवार | १०८७ |
| १६. | पहाडिया | ७२ |
| १७. | पर्वतिया | २१ |
| १८. | परेल | ३ |
| १९. | घर्ती | १४१९ |
| २०. | कटुवाल | ४७ |
| २१. | गुरुङ | ३१५ |

क्रमशः

२०८. कुमार प्रधान, पहिलो प्रहर, पृ २६-२९।

| क्रम सङ्ख्या | जाति | जनसङ्ख्या |
|---|---|---|
| २२. | गुर्खा | ५१ |
| २३. | हाताली | ७ |
| २४. | याखा | २३५ |
| २५. | जमादार (राई) | ३३ |
| २६. | जिमी | ९९ |
| २७. | जिरेल | २ |
| २८. | कामी | १८८६ |
| २९. | खम्बा (राई) | ३९१३ |
| ३०. | प्रधान | ३० |
| ३१. | राई | १८१४ |
| ३२. | रिसिङ्गे | ६ |
| ३३. | सेङ्गतेन | ३ |
| ३४. | सार्की | ३२८ |
| ३५. | सूचीकार | ५ |
| ३६. | ठाकुर | ५६ |
| ३७. | थामी | १३ |
| ३८. | थापा | ४४७ |
| ३९. | अनिर्दिष्ट | ३९८ |
| | कुल | २५७८१।[२०९] |

तालिका १. आर्थर जुल्स ड्यास [२१०]

यसपछि सन् १८८१ मा गरिएको जनगणनाले यहाँको जनसङ्ख्यामा ६३ प्रतिशत बढोत्तरी भएको देखाएर जनसङ्ख्या १,५५,१७९ रहेको पाइन्छ। यसरी नै सन् १८९१ मा गरिएको अर्को जनगणनाले क्षेत्रमा ४३.४ प्रतिशत जनसङ्ख्यामा वृद्धि भएको पाइन्छ। जुन जनसङ्ख्यामा नेपाली जातिको बहुलता रहेको पाइन्छ।

वास्तवमा सन् १८७२ देखि यता दार्जिलिङ जिल्लाको जनसङ्ख्यामा व्यापक रुपले परिवर्तन आएको पाइन्छ जुन परिवर्तनको प्रमुख कारण चियाको खेतीको थालनी र बन्जर भूमिलाई कृषि वा खेतीपातीमा

२०९. आर्थर जुल्स ड्यास, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर;दार्जिलिङ, पृ. ५०।

२१०. आर्थर जुल्स ड्यास, पूर्ववत्, पृ. ३६।

लगाउने अङ्ग्रेज सरकारको नीति मान्न सकिन्छ।

सन् १८७२ मा जिल्लाभित्र देखापर्ने ७४ वटा चियाबारीहरू सन् १९९१ मा बढेर १५३ अनि १८९१ मा १७७ वटा पुगेको पाइन्छ।

चियाबारीहरूको सङ्ख्यामा बढोत्तरी आए अनुरुप जनसङ्ख्यामा पनि वृद्धि आएको देखिन्छ। तर सन् १८९१-१९२१ भित्र चिया उद्योगमा देखापरेको नैराश्यताको प्रभाव जनसङ्ख्या वृद्धिमा पनि पर्न जाँदा जनसङ्ख्या ७-१२ प्रतिशत घट्न गएको पाइन्छ। यसको प्रभाव धेरथोर खरसाङ महकुमाको जनसङ्ख्यामा पर्न गएको देखिन्छ।[२११]

तिनताक ११.५ प्रतिशत जिल्ला स्तरको जनसङ्ख्यामा बढोत्तरी भएको पाइन्छ, यद्यपि खेतापाती र कृषि योग्य भूभाग भएको क्षेत्र कालेबुङमा भने १९२१ सम्मको जनसङ्ख्या गणनामा धेरै वृद्धि भएको देखिन्छ।

सन् १९६५ पछि ४०१ वर्गमाइल आयातन लिएर दार्जिलिङ जिल्लामा जोडिन आएको कालेबुङ क्षेत्रको २१३ वर्गमाइल क्षेत्र वनविभाग, १० वर्गमाइल चियाबारी एवम् सिन्कोनाबारी र १७८ वर्गमाइल राष्ट्रिय कृषि विभागका निम्ति आरक्षित पाइन्छ।

३,५३६ जनसङ्ख्या लिएर दार्जिलिङ जिल्लामा अन्तर्भुक्त हुनआएको कालेबुङको जनसङ्ख्या १८८१ मा १२,६८३, १८९१ मा २६,६३१, १९०१ मा ४१,५११ हुँदै द्रुत गतिमा वृद्धि भएको पाइन्छ। यसको प्रमुख कारण खेतीपातीसित संलग्न नेपाली जातिकै आवासन मानिन्छ।[२१२]

अद्यपि जिल्ला स्तरमा भएको १८७२-२००१ सम्मको जनगणनाअनुसारको जनसङ्ख्या निम्न प्रकार देखिन्छ—

जिल्ला स्तरको जनसाङ्ख्यिकीय परिचय यसप्रकार छ -

| वर्ष | जनसङ्ख्या | वृद्धि | प्रतिशत |
|---|---|---|---|
| १८७२ | ९४९१८ | - | |
| १८८१ | १५५१७९ | ७०४६७ | २४.१६ % |
| १८९१ | २२३३३१४ | ६८१३५ | २३.३६ % |
| १९०१ | २४९११७ | २५८०३ | ८.८४ % |

२११. एल. एस. एस. ओम्याली, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ, पृ. ३६।

२१२. एल. एस. एस. ओम्याली, पूर्ववत्, पृ. ३६।

| वर्ष | जनसङ्ख्या | वृद्धि | प्रतिशत |
|---|---|---|---|
| १९११ | २६५५५० | १६४३३ | ५.६३ % |
| १९२१ | २८२७४८ | १७१७८ | ५.८९ % |
| १९३१ | ३१९६३५ | ३६८८६ | १२.६४ % |
| १९४१ | ३७६३६९ | ५६७३४ | १९.४५ % |

तालिका २. आर्थर जुल्स ड्यास[२१३]

| वर्ष | जनसङ्ख्या | वृद्धि | प्रतिशत |
|---|---|---|---|
| १९५१ | ४४५२६० | ६८८९१ | १०.९३ % |
| १९६१ | ६२४६४० | १७९३८० | २८.४७ % |
| १९७१ | ७८१७७७ | १५७१३७ | २४.९३ % |
| १९८१ | १००६४३१ | २२४६५४ | ३५.६५ % |

तालिका ३. ए. के. बेनर्जी र अन्य[२१४]

| वर्ष | जनसङ्ख्या | वृद्धि | प्रतिशत |
|---|---|---|---|
| १९९१ | १२९९९१९ | २९३४८८ | ४८.९५ % |
| २००१ | १६०५९०० | ३०५९८१ | ५१.०४ % |

तालिका ४. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा[२१५]

सर्व भारतीय स्तरको नियमित जनगणनाअनुसार पश्चिम बङ्गालका विभिन्न जिल्लाहरुमध्ये दार्जिलिङ जिल्ला जनसाङ्ख्यिकीय दृष्टिले १६ औं स्थानमा रहेको पाइन्छ।

जनघनत्वका दृष्टिले पश्चिम बङ्गाल राज्य २००१ मा ९०४ औं स्थानमा रहेको समय दार्जिलिङ जिल्ला ५१० औं स्थानमा देखिन्छ।[२१६]

दुईवटा महकुमा, एउटा सदर, चारवटा नगरपालिका, आठवटा खण्ड विकास क्षेत्र, ११२ वटा ग्रामपञ्चायत, १५ वटा थाना, ८७ वटा पञ्जीकृत चियाबारी, १४ वटा सिन्कोनाबारीमा विभाजित दार्जिलिङ

---

११३. आर्थर जुल्स ड्यास, **बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ**, पृ. ५०।

११४. ए. के. बेनर्जी, **बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ**, सन् १९८१।

२१५. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा, **एरिया एन्ड इसु प्रोफाइल अफ् दार्जिलिङ**, पृ. ४।

२१६. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा, पूर्ववत्, पृ. ५।

पहाडी क्षेत्रको मात्र जनसङ्ख्या २००१ को जनगणनाअनुसार ७,९०,०४८ रहेको पाइन्छ। जिल्ला स्तरमा देखापर्ने १७,०५,१०० जनसङ्ख्यामध्ये १०,८८,६४० बासिन्दा गाउँबस्ती र कमानबस्तीमा अनि ५२,०,४३३ सहरबजारमा देखापरेका पाइन्छन्।

सन् १९९१ मा गरिएको जनगणनानुसार कमानबस्ती र गाउँबस्तीको जनसङ्ख्या ६९.५३ प्रतिशत एवम् सहर बजारको जनसङ्ख्या ३०.४७ प्रतिशत, कालेबुङ महकुमामा १४.६४ प्रतिशत अनि खरसाङ महकुमामा ११.२८ प्रतिशत देखिन्छ। जनघनत्वका दृष्टिले दार्जिलिङ सदरमा २०.७८ प्रतिशत, कालेबुङ महकुमामा १४.६४ प्रतिशत र खर्साङ महकुमामा ११.२८ प्रतिशत जनसङ्ख्या पाइन्छ।[२१७]

दार्जीलिङ पहाडी क्षेत्रभित्र पर्ने आठवटा खण्डविकास क्षेत्र र ४ वटा नगरपालिका क्षेत्रको २००१ को जनगणनानुसार निम्न जनसङ्ख्या देखिन्छ–

| खण्डविकास क्षेत्रको नाम | जनसङ्ख्या |
|---|---|
| १. दार्जिलिङ/पुल बजार | ११७०९४ |
| २. कालेबुङ १, २, ३ | १८२१६३ |
| ३. जोररबङ्गलो/सुके पोखरी | १००६७४ |
| ४. मिरिक | ८५,२३० |
| ५. खरसाङ | ८५,१०९ |
| ६. तकदा | ६४२९६ |

तालिका ५. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा[२१८]

| नगरपालिकोको नाम | जनसङ्ख्या |
|---|---|
| १. दार्जिलिङ नगरपालिका | १०६२५७ |
| २. कालेबुङ नगरपालिका | ४२९८० |
| ३. खरसाङ नगरपालिका | ४००६७ |
| ४. मिरिक नगरपालिका | ९१७४ |

तालिका ६. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा[२१९]

२१७. मुस्करा फरिदि र पासङ दोर्जी लेप्चा, एरिया एन्ड इसु प्रोफाइल अफ् दार्जिलिङ, पृ. ६।

२१८. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा, पूर्ववत्।

२१९. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा, पूर्ववत्।

दार्जिलिङ पहाडी क्षेत्रमा बसोबासो गरिआएका विभिन्न जातिहरूका सन्दर्भमा चर्चा गर्दा सन् १९२९ तिर नै दार्जिलिङ भ्रमणमा निस्किएका लोयड र ग्रान्टको विवरणले तिनताक यस क्षेत्रमा लेप्चा जाति बसोबासो गर्थे भन्ने कुरो थाहा लाग्दछ। उनीहरूले दिएको विवरणअनुसार तिनताक यो क्षेत्र काजीको गौँडा रहे पनि परित्यक्त क्षेत्र थियो। यस क्षेत्रमा बसोबासो गर्ने १२०० लेप्चाहरू तत्कालीन सिक्किमेली राजाको अत्यचारले गर्दा भागेर नेपाल पसेका थिए।[२२०] कालान्तरमा राजनैतिक परिवर्तनको फलस्वरूप दार्जिलिङ अङ्ग्रेज सरकारको हातमा परेपछि यसको चाँडो विकास र उन्नतिका निम्ति विभिन्न नीतिहरू लागु गरियो जसअन्तर्गत सडक निर्माण, चियाको खेती, व्यापार-वाणिज्य, उद्योग-धन्दा, खेती-पातीजस्ता जीविका-उपार्जनका निम्ति क्षेत्रदेखि बाहिर बसोबासो गरिआएका मानिसलाई खुल्ला निमन्त्रणा गरियो।

दास प्रथादेखि मुक्त स्वतन्त्र जीवन जिउने लोभसँगै जीविका-उपार्जनका विभिन्न स्रोतहरू पनि देखापर्ने दार्जिलिङको तत्कालीन परिवेशले छिमेकी राज्यका बासिन्दाहरूलाई आकर्षित तुल्यायो। यसैको परिणाम स्वरुप दार्जिलिङ पहाडी क्षेत्रमा भोटे, नेपाली, मारवाडी, बिहारी, बङ्गालीजस्ता विभिन्न जातिहरूको आवासन र व्यवस्थापन हुनथालेपछि दार्जिलिङको जनसङ्ख्यामा चाँडो वृद्धि आउनाका साथै यहाँको जनसाङ्ख्यिकीय परिवेश विभिन्न जातिहरु बसोबासो गरिआएको मिश्रित परिवेशमा परिणत भयो।

## ३.३. दार्जिलिङ पहाडी क्षेत्रको सामाजिक, सांस्कृतिक एवम् भाषागत परियच

कुनै राष्ट्र, सम्प्रदाय वा जातिको सामाजिक जीवन, तिनका कलाकौशल, बौद्धिक विकास आदि प्रतिविम्बित हुने क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भनिएको पाइन्छ।

जातिगत भिन्नतामा केन्द्रित मान्यता, जीवन दृष्टिजस्ता पक्षहरु अन्तर्निहित हुने संस्कृतिभित्र सामाजिक क्रियाकलाप समाहित भएको पाइन्छ। यसको अभिव्यक्ति कला, धर्म, रीतिरिवाज, खानपिन, रहनसहन, आचार व्यवहार आदिबाट हुने गर्दछ।

वास्तवमा समाज र संस्कृति एकाअर्कामाथि आश्रित देखिन्छन्। यसैले सर्वाङ्गीण अध्ययनका निम्ति सामाजिक अध्ययनको उपेक्षा गर्न सकिँदैन।

संस्कृति र समाजको परिचय दिने महत्त्वपूर्ण साधन भाषा हो। भाषाको प्रयोग मानिसहरुमाझ सम्पर्क र सम्प्रेषणका निम्ति गरिन्छ। व्यक्तिले चाहेको कुरो भाषिक रूपमा नै प्रकट हुने गर्दछ।

---

२२०. कुमार प्रधान, 'दार्जिलिङको इतिहास', जोनाथन थापा (सम्पा.), दीयो, वर्ष ३३, अङ्क ८, पुरानो दार्जिलिङ विशेषाङ्क, दार्जिलिङ, जीवन ज्योति प्रकाशन्, पृ. ४।

त्यो कुनै न कुनै सामाजिक प्रसङ्गसित नै सम्बद्ध देखिन्छ। यस्ता प्रसङ्गहरु संस्कृतिद्धारा नियन्त्रित हुने गर्दछन्।

यसरी नै संस्कृतिका परिचायक तत्त्वहरु भाषाद्धारा प्रकट हुने गर्दछ। भाषा समाज विशेषमा बोलिने गरिन्छ। वास्तवमा भाषा, संस्कृति र समाज एकाअर्काप्रति अन्योन्याश्रित देखिन्छन्।

बहु-जाति, बहु-भाषी मानिसहरू बसोबासो गरिआएको दार्जिलिङ पहाडी क्षेत्र बहु-धार्मिक पृष्ठभूमिले भरिएको बहु-सांस्कृतिक क्षेत्र हो। यहाँ छेत्री, बाहुन, कामी, दमाई, सार्की, माझी, राई, लिम्बू, गुरुङ, मगर, तामाङ, नेवार, सुनुवार, लेप्चा, भोटे, सेर्पा, बिहारी, बङ्गाली, पन्जाबी, मारवाडी, मुसलमान, चीनियाँ आदि विभिन्न जातिहरु छासमिस भई बसोबासो गरिआएका छन्।

यहाँको सांस्कृतिक, सामाजिक एवम् भाषिक पक्षलाई चिनाउने अभिलक्षणका रूपमा क्षेत्रमा प्रचलित भाषा, धर्म, संस्कृति, सामाजिक गतिविधिसँगै यहाँका जाति, जनजाति एवम् अन्यान्य कतिपय सामाजिक पक्षहरू देखिन्छन्।

यहाँको सामाजिक, भाषिक, धार्मिक व्यवस्था र पद्धति साझा भेटिन्छ। नेपाली भाषा साझा भाषाको रूपमा देखापर्ने यहाँको समाजमा आत्मा, परमेश्वर, भूत, प्रेत, कर्म आदि सम्बन्धी विचारधारा एकै किसिमका देखिन्छन्। यसै गरी घरेलु कामकाजका निम्ति उपयोग गरिने सर-समान, हातहतियार आदि सबैले सराबरी रुपमा प्रयोग गर्नेदेखि लिएर पूजा गर्ने देव-देवताप्रति सबैले समान रूपमा आस्था र विश्वास राखेको पाइन्छ।

दार्जिलिङ पहाडी क्षेत्रमा बसोबासो गरिआएका विभिन्न जातिको आचार-व्यवहार, क्रियाकलाप आदिको एका-अर्कामाथि गहन रुपमा प्रभाव परेको हुनाले यहाँ मिश्रित संस्कृतिमा केन्द्रित सामाजिक परिवेश छ।

साझा वासभूमि, साझा भाषा र मनोभावले भरिएको मानव जाति बसोबासो गरिआएको यहाँको मानव समाज अन्तर्जातीय संस्कृतिमा केन्द्रित छ। अन्तर्जातीय सद्भावना र सम्मिलनमा यहाँको संस्कृति बाँधिएको छ। बहुभाषी विभिन्न जात-गोष्ठीका मानिसहरु बसोबासो गरिआएको यहाँको समाज गठनमा नेपाली भाषाले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

### ३.३.१. भाषिक पक्ष

दार्जिलिङ पहाडी क्षेत्रमा बसोबासो गरिआएका विभिन्न भाषिक समुदायमाझ सम्पर्क र सम्प्रेषण गर्ने भाषा नेपाली हो। नेपाली भाषाको प्रचलन दार्जिलिङको स्थापनाकालदेखि नै रहिआएको तथ्य १८४१ मा

धर्म प्रचारका निम्ति आउने पहिलो मिसनरी विलियम स्टार्ट र १८४२ मा आउने सी. पी. निबेल आदिले इसाई धर्म प्रचारको सुविधाका निम्ति नेपाली भाषामा कोश तयार पारेको घटनाबाट जान्न सकिन्छ।

सन् १८७२ को जनगणनानुसार, ३५,३८० जनसङ्ख्यामध्ये मूल मातृभाषा नेपाली हुने छेत्री, बाहुन, कामी, दमाई, सार्की आदि लगभग चार हजार र भोट-हिमाली भाषा-गोष्ठीका मतवाली जाति ३१ हजार देखिन्छन्, यद्यपि साझा भाषाको रुपमा भने नेपाली भाषा नै प्रचलनमा रहेको पाइन्छ।[२२१]

दार्जिलिङ पार्वत्य क्षेत्रको समाज विभिन्न जात-गोष्ठीको समूहबाट निर्मित छ। यहाँ मातृ भाषाका रुपमा नेपाली बोल्ने छेत्री, बाहुन, कामी, दमाई, सार्की आदि भेटिन्छन् भने भोट-हिमाली भाषिक पृष्ठभूमि भएका राई, लिम्बू, गुरुङ, मगर, लेप्चा, भोटे, सेर्पा, तामाङ, नेवार, सुनुवार आदिले पनि नेपाली नै बोल्दछन्। यसबाहेक यहाँ अल्पसङ्ख्यक समुदायका रुपमा मारवाडी, बिहारी, बङ्गाली, मुसलमान, चिनियाँ, एङ्गलो-इन्डियनजस्ता अन्य भाषिक समुदायका मानिसहरु पनि बसोबासो गरिआएका छन्।

दार्जिलिङ बहुभाषी क्षेत्र भए तापनि क्षेत्रमा बसोबासो गरिआएका विभिन्न जातिहरुको मुख्य भाषा नेपाली रहेको पाइन्छ।

सुरु-सुरुमा एउटै गोष्ठीका मानिसहरु छुट्टै गाउँ वा बस्तीमा बस्ने भएर एका-अर्कासित आ-आफ्नै भाषा बोल्ने गरे तापनि पनि बाहिर व्यवहारमा भने सम्पर्कको भाषाका रुपमा नेपाली भाषा नै प्रयोग गरेको कुरा इतिहासकार कुमार प्रधान बताउँछन्। हाटबजार, कमानबस्ती, छाउनी, गारदतिर मिलेर काम गर्ने ठाउँहरुमा अरु जातीय बोलीको ठाउँ नेपालीले ओगट्दै गएपछि वृहत् नेपाली समाज बनिने प्रक्रिया पनि बढ्दै गएको कुरो उनी प्रस्तुत गर्छन्।[२२२]

नेपाली भाषा नै साझा भाषाको रुपमा देखापर्ने तिनताकको दार्जिलिङमा शिक्षा प्रसार गरिने भाषाको रुपमा हिन्दी र अङ्ग्रेजी पाइन्छ। नेपाली भाषा प्रयोग र प्रचलनमा देखिए पनि शैक्षिक क्षेत्रमा यसलाई दोस्रो स्थान प्रदान गरेको देखिन्छ, यद्यपि नेपाली भाषाको विकास र विस्तारमा तिनताक पाद्री गंगाप्रसाद प्रधानले पुऱ्याएको योगदान बिर्सन सकिन्न। उनले सन् १९०५ मा नयाँ नियममा केन्द्रित बाइबल , १९०७ र १९०८ मा पहिलो नेपाली पोस्तक र दोस्रो नेपाली पोस्ताक, १९१४ मा पुरानो नियममा केन्द्रित बाइबल आदि नेपाली भाषामा अनुवाद गरी नेपाली भाषाको प्रचार-प्रसार गरे।

नेपाली भाषालाई शिक्षाको क्षेत्रमा दोस्रो स्थान प्रदान गरेको समय दार्जिलिङमा नेपाली भाषा पहाडिया, खस कुरा, आदि नाम लिएर परिचित रहेको पाइन्छ तर नेपाली भाषालाई खस कुरा वा

---

२२१. कुमार प्रधान, पहिलो प्रहर,पृ. २८।
२२२. कुमार प्रधान, पूर्ववत्।

पहाडियाको साटो नेपाली नै भनिनुपर्ने कुरोमा तिनताकका भाषा प्रेमीहरूले जोड दिएको पाइन्छ। यसका निम्ति सन् १९२४ मा स्थापित नेपाली साहित्य सम्मेलनको भूमिका विशेष महत्त्वपूर्ण देखिन्छ।

नेपाली साहित्य सम्मेलनका संस्थापक हरिप्रसाद प्रधान, धरणीधर शर्मा, सूर्यविक्रम ज्ञवाली आदिको प्रयासमा बङ्गाल सरकारले ३० जुलाई १९२६ मा सूचना जारी गरी सरकारले विभागीय परीक्षा आदिमा नेपाली, पहाडिया वा खस कुराको ठाउँमा नेपाली प्रयोग गर्ने आदेश दिएको पाइन्छ। यसरी नै बङ्गाल सरकारको ८ जनवरी १९२६ को सूचनाले प्रदेशका प्रमुख भाषाहरू बङ्गाली, उर्दू, हिन्दीसँगै नेपाली पनि तोकिदिएको कुरो इतिहासकार कुमार प्रधान प्रस्तुत गर्छन्। यसका साथै उक्त चर्चित महानुभावहरूका आवदेन-पत्रका आधारमा नै कलकत्ता विश्वविद्यालयले पनि ३० मई १९३२ को चिट्ठीमा नेपाली वा पर्वतियालाई मान्यता दिएको कुरा उनी बताउँछन्।[२२३]

सन् १९३१ मा गरिएको दार्जिलिङ जिल्लाको जनगणनाले यस क्षेत्रमा प्रचलित भाषाहरूका सम्बन्धमा निम्न थरीको जानकारी प्रस्तुत गरेको कुरो कुमार प्रधान राख्छन् –

| मातृ भाषा | जनसङ्ख्या |
|---|---|
| बङ्गाली | ३७४४४ |
| हिन्दी | २२५९५ |
| उर्दू | २४४८ |
| भोटे र तिब्बती | ११७६ |
| गुरुङ | २०२९ |
| लिम्बू | १४७०६ |
| मगर | १०४४ |
| मुर्मी | ३२३१९ |
| नेपाली | ९२९७० |
| बङ्गालका अन्य भाषाहरू | ५५७९ |
| आसामी | ८२३ |
| बिहारको खेवारी | ११५७० |
| मुन्डारी | ५६४९ |
| सन्थाली | ४७७१ |

२२३. कुमार प्रधान, पहिलो प्रहर, पृ. ३७।

| मातृ भाषा | जनसङ्ख्या |
|---|---|
| उराउँ | ११७४२ |
| बर्मेली | ४७ |
| अन्य | ४४०३। |

तालिका ७. कुमार प्रधान[२२४]

सन् १९४१ को जनगणनामा भने विभिन्न बोलीहरू नदेखाएर जात र जातिलाई भिन्नै गणना गरे पनि जम्मैलाई एउटै नेपाली नाउँ दिएर मोठ जनसङ्ख्या २५,४,६०८ अर्थात् जिल्लामा ६७.६ % नेपाली बोल्ने पाइन्छ। परिमाणमा मगर, तामाङ, गुरुङ इत्यादि अरू बोली बोलिए पनि नेपाली भाषाको प्रसार व्यापक रूपमा भइरहेको कुरो १९४७ मा प्रकाशित गेजेटियरमा भेटिन्छ ।[२२५]

स्वाधीनतापछि लिएको पहिलो जनगणना सन् १९५१ ले भने नेपाली भाषालाई छेत्री, बाहुन, कामी, दमाई र सार्कीको मातृभाषा ठानेर नेपाली भाषीको सङ्ख्या ८८,९५८ देखाइएको छ। यस जनगणनामा भोट -हिमालीवर्गका अन्य भाषाहरूलाई मातृभाषा र नेपालीलाई तिनको सहायक वा दोस्रो भाषाको रूपमा प्रस्तुत गरेको देखिन्छ –

| मातृभाषा | बोल्नेको सङ्ख्या | नेपाली भाषा (सहायक भाषा) |
|---|---|---|
| राई | ६४७३० | ५८८७५ |
| तामाङ | ४९७८० | ४४९२९ |
| मगर | १९४१३ | १७४२३ |
| गुरुङ | १७८६४ | १५५९५ |
| नेवार | १४८२७ | १३४१२ |
| सुनुवार | ४८०३ | ४३३९ |
| थामी | ४५७ | ४२० |

तालिका ८. ए. के. मित्र [२२६]

सन् १९५१ मा दार्जिलिङमा भोट-हिमालीवर्गका भाषा बोल्ने वा जान्नेको सङ्ख्या कदापि यति धेरै नरहेको विचार इतिहासकार कुमार प्रधान प्रस्तुत गर्छन्।[२२७]

२२४. कुमार प्रधान, पहिलो प्रहर, पृ. ६७।

२२५. कुमार प्रधान, पूर्ववत्, पृ.३५।

२२६. कुमार प्रधान, पूर्ववत्, ।

२२७. ए . के . मित्र, सेन्सस १९५१, डिस्ट्रिक्ट ह्यान्डबुक-दार्जिलिङ, कलकत्ता, सन् १९५१, पृ. ७२-९२।

यसरी नै दार्जिलिङ पहाडी क्षेत्रमा बसोबासो गरिआएका अन्य जातिहरुले पनि नेपाली भाषालाई सहायक वा दोस्रो भाषा लेखाएको कुरो निम्न ढङ्गको पाइन्छ—

| मातृभाषा | बोल्नेको सङ्ख्या | नेपाली भाषा (सहायक भाषा) |
|---|---|---|
| बङ्गाल | ६४४४६ | २४३१ |
| हिन्दी | ३०२४० | ३३७२ |
| लेप्चा | १३३९४ | १२०७५ |
| सेपा | ८९८९ | ८१२६ |
| भोटे | ७०६३ | ६३३५ |
| उर्दू | २९८० | ६३४ |
| अङ्ग्रेजी | २६६५ | ६९८ |
| तिब्बती | १४३६ | १२७५ |
| डुक्पा | ११२१ | ९८६ |
| राजस्थानी | ७१४ | - |
| चीनियाँ | ५०९ | १४ |
| कागते | ३५० | ३१४ |
| मारवाडी | २६७ | १४ |

तालिका ९. ए के मित्र[२२८]

सन् १९४१ को जनगणनामा भोट-हिमालीवर्गका भाषा बोल्नेहरुलाई पनि नेपालीभित्र नै गाभेर ६७.७ प्रतिशत देखाइए पनि १९५१ को जातिगत भिन्नतामा गरिएको अन्तिम जनगणनाले बाहुन, छेत्री, कामी, दमाई, सार्कीलई मात्र नेपाली मानेर दार्जिलिङमा केवल २० प्रतिशत नेपाली भाषी देखाइएको पाइन्छ, यद्यपि सन् १९६१ मा लिएको जनगणनाले पुनः नेपाली बोल्ने जनगोष्ठीमा सबैले नेपालीलाई नै आफ्नो मातृ भाषा लेखाएपछि नेपाली भाषीहरुको जनसङ्ख्या ६२,४,६४० रहेको पाइन्छ। तिनमा कमानबस्तीमा नेपाली भाषीको सङ्ख्या ३०,६,२०६ अनि सहरबजारमा ६२,६२४ छन्।

सुरु-सुरुमा दोस्रो भाषाको रुपमा नेपाली भाषालाई लिइए तापनि कालान्तरमा जातीय एकताका कारणले नेपाली भाषा सबैको मातृभाषा बन्नपुगेको देखिन्छ, यद्यपि भिन्न-भिन्नै जातिले नेपाली भाषालाई

२२८. ए . के . मित्र, सेन्सस १९५१, डिस्ट्रिक्ट ह्यान्डबुक-दार्जिलिङ, पृ. ७२-९२।

प्रथम वा द्वितीय भाषाको रुपमा बोल्ने हुँदा आफ्नो जातीय बोली वा भाषिक विशेषताको प्रभाव तिनले बोलेका बोलीमा पर्न जाँदा दार्जिलिङमा बोलिने नेपाली भाषाको अर्कै स्वरुप निर्माण भएको पाइन्छ।

विभिन्न थरीका भाषिक विशेषतामा केन्द्रित नेपाली भाषाको भाषिक स्वरुपलाई आत्मसात गरी रुपनारायण सिंहले दार्जिलिङमा बोलिने नेपाली भाषालाई 'उदेकको भाषा' र 'अद्भूतको भाषा' भनेका छन्।[२२९]

दार्जिलिङ पहाडी क्षेत्रमा बसोबासो गरिआएका अल्पसङ्ख्यक अन्य जाति एवम् नेपाली जातिभित्रै पनि विभिन्न जात-गोष्ठीका मानिसहरुले आ-आफ्नै सुविधाअनुसारको उच्चारण, लिङ्ग, वचन र कारक अनुरुपका नेपाली भाषा बोल्ने हुनाले त्यही सम्पूर्ण तत्त्वको मिश्रणबाट बनेको दार्जिलिङ भेकको कथ्य नेपाली भाषा अलिक बेग्लै किसिमले विकसित हुन पुगेको कुरो मोहन पी. दाहाल प्रस्तुत गर्छन्।[२३०]

दार्जिलिङमा देखापर्ने बेग्लै किसिमको भाषिक प्रयोगलाई ध्यानमा राखी इन्द्रबहादुर राई यहाँ एउटा भिन्नै भाषिक वातावरण रहेको बताउँछन्।[२३१] उनी मङ्गोलवर्गीय नेपालीहरु बहुसङ्ख्यामा देखिने यस क्षेत्रमा कतिपय जातका भाषाहरुको क्रियापद, वचनभेद, लिङ्गभेद, आदरार्थी, सामान्यार्थी भेद नपाइने कुरो व्यक्त गर्छन्। ती भाषाको अभ्यस्तता र आ-आफ्नै भाषिक विशेषताका साथ उनीहरुले नेपाली भाषा पनि ग्रहण गर्दै बोल्ने हुँदा यहाँ एउटा छुट्टै भाषिक वातावरण बन्ने कुरो व्यक्त गर्छन्।[२३२]

अङ्ग्रेजहरुबाट स्थापित र विस्तारित क्षेत्र दार्जिलिङमा उनीहरुका भाषाको प्रभाव पर्न जाँदा क्षेत्रको संस्कृति, समाज, बासिन्दाहरुको रहन-सहन, बोली-वचन सम्पूर्ण थोकमा परिवर्तन र विकास आएको देखिन्छ।

घरेलु सरसमान, लुगाफाटा, खानपिनदेखि लिएर ठुला-बडालाई सम्बोधन गर्ने शब्दादिमा समेत विदेशीहरुको गहन प्रभाव देखिन्छ। दार्जिलिङ पहाडी क्षेत्रमा देखापर्न आएको यस थरीका भाषिक प्रयोगले स्थानीय भाषामा विदेशी भाषाको सङ्क्रमण र औपनिवेशीकरणलाई स्पष्ट रुपमा प्रस्तुत गरेको पाइन्छ, यद्यपि दार्जिलिङे समाजमा बसोबासो गरिआएका विभिन्न जातिलाई जातीय एकात्मकताको भावनामा एकत्रित गर्ने नेपाली भाषाको विकास, विस्तार र संरक्षणका निम्ति लागिपर्ने भाषाप्रेमीहरुबाट गरिएको विभिन्न थरीका कार्यकलापलाई पनि बिर्सन सकिन्न।

---

२२९. मोहन पी. दाहाल(सम्पा), रुपनारायण सिंहका सम्पादीय लेख र प्रबन्धहरु, सिलगढी, प्रतिभाप्रकाशन, सन् २००५।

२३०. मोहन पी. दाहाल, दार्जिलिङमा बोलिने नेपाली भाषा,केही कथ्य शब्दहरु, हाम्रो समाज, वर्ष १, सन् १९९१, पृ. २४।

२३१. इन्द्रबहादुर राई, परिप्रेक्ष्यमा भारतीय नेपाली संस्कृति, पवन चामलिङ 'किरण'(सम्पा.), निर्माण संस्कृति विशेषाङ्क, पृ. १२।

२३२. इन्द्रबहादुर राई, पूर्ववत्, पृ. १२।

भारतको संविधान निर्माणपछि संविधानको आठौं अनुसूचीमा नेपाली भाषा पनि अन्तर्भुक्त हुनपर्छ भन्ने माग लिएर देहरादुनबाट जाग्रत गोर्खाका सम्पादक मण्डली स्व. आनन्दसिंह थापा, वीरसिंह भण्डारी, नरेन्द्रसिंह थापा आदिबाट १८.०१.१९५७ मा सुरु गरेको आन्दोलन[२३३] यस सन्दर्भमा महत्त्वपूर्ण छ।

सन् १९६१ मा दार्जिलिङमा भाषा आन्दोलनले नयाँ मोड लिएपछि दार्जिलिङबाहेक भारतमा छरिएर बसेका विभिन्न गोर्खा समुदायबाट नेपाली भाषाको संवैधानिक मान्यता विषय लिएर गठन गरिएका नेपाली भाषा समिति, अखिल भारतीय नेपाली भाषा समिति, नेपाली भाषा परिषद्, नेपाली साहित्य सम्मेलन, नेपाली साहित्य परिषद् आदि संस्थाहरूको प्रयास महत्त्वपूर्ण छ। विभिन्न व्यक्ति, संस्था र सङ्गठनहरूको निरन्तर प्रयासकै फलस्वरूप २० अगस्त सन् १९९२ मा नेपाली भाषालाई संवैधानिक मान्यता प्राप्त भयो।

### ३.३.२ सांस्कृतिक पक्ष

दार्जिलिङ पहाडी क्षेत्रको सांस्कृतिक परिवेश विविध विशेषताले युक्त छ। इन्द्रबहादुर राईको विचारमा "संस्कृति ऊर्ध्वमुखी र अधोमुखी प्रवृत्तिहरूको तानातानमा रहेको हुन्छ। अल्प सङ्ख्यक विशिष्ट वर्गले यसलाई उकालो चढाइरहेको हुन्छ भने बहुसङ्ख्यक जनवर्गले ओह्रालो तानिरहेको हुन्छ।"[२३४]

दार्जिलिङ पहाडी क्षेत्रको सांस्कृतिक परिवेश पनि यस्तै द्वन्द्वात्मकतासित विकासशील देखिन्छ। पाश्चात्य सभ्यता, भाषा, रहन-सहनको प्रभावका फलस्वरूप एकतर्फ यहाँको संस्कृति विसंस्कृतीकरणतर्फ अग्रसर भइरहेको देखिन्छ।

अर्कोतर्फ धेरै समयदेखि देशकाल सापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत अवधारणाका रूपमा विकसित हुँदै आएका आचार, विचार, रहन-सहन आदिका माध्यमले देखापर्ने मान्यता भावना आदिलाई पनि यथावत् रूपमा कायम राखी अघि बढेको पाइन्छ।

दैनन्दिन रूपमा देखापर्ने जातिगत क्रियाकलाप, रीतिरिवाज, खानपिन, भेषभूषा, आमोद-प्रमोद, मराउ-पराउ, जयजन्म आदि स्वत: स्फूर्त रूपमा देखापर्ने कार्य व्यापार र गतिविधिहरूले यहाँको परम्परालाई जीवित राखेको पाइन्छ।

सामाजिक परम्पराबाट अर्जित ज्ञान र व्यवहारलाई दार्जिलिवासीले आज पनि दिगो राख्दै आएको कुरो यस क्षेत्रमा प्रचलित विभिन्न चाडपर्व, रीतिरिवाज, धार्मिक अनुष्ठान आदिबाट जान्न सकिन्छ।

---

२३३. सुजन हाङ, 'भाषा आन्दोलनका पलहरू', **हिमालय दर्पण**, २० अगस्त २००९।

२३४. इन्द्रबहादुर राई, 'परिप्रेक्ष्यमा भारतीय नेपाली संस्कृति', पवन चामलिङ किरण(सम्पा.),**निर्माण संस्कृति विशेषाङ्क**, पृ. १४।

सांस्कृतिक पक्षका सम्बन्धमा चर्चा गर्दा दार्जिलिङे संस्कृति भारतीय हिन्दू संस्कृतिकै एकाँशजस्तो देखिन्छ।

हिन्दू धर्म र दर्शनबाट यहाँको समाज प्रभावित र प्रेरित भएको हुनाले यहाँ बसोबासो गरिआएका गोर्खा, बङ्गाली, बिहारी, मारवाडी आदि जातिले कतिपय ठुल-ठुला चाडपर्व सराबरी रुपमा तर केही छुट्टै ढङ्गमा मनाउने गरेको पाइन्छ।

दार्जिलिङ पहाडी क्षेत्रको सांस्कृतिक परिवेशमा पनि हिन्दूहरुका सांस्कृतिक प्रथा, प्रणाली परम्परागत रुपमा चलिआएको पाइन्छ।

यहाँ देउराली पुज्ने, नयाँ वर्ष मनाउने, वर्ष चक्रे पर्व मनाउने, उँधौली-उँभौली गर्ने, दसैं तिहार मनाउने, भूमि पूजा गर्ने, सङ्क्रान्ति मान्ने, छठपूजा, होली, गणेश चतुर्थी, तीज, विश्वकर्म पूजा, सरस्वती पूजा, इद, बकरिद, गुड फ्राइडे, इस्टर मनडे मान्ने  मनाउने प्रचलन वर्षको सुरुदेखि अन्तसम्म रहेको पाइन्छ। यिनलाई मान्ने, मनाउने प्रचलनमा विविधता देखापरे तापनि यिनका निम्ति प्रयोग गरिने सर-समान आदिमा समानता देखिन्छ।

भाषागत भिन्नताले गर्दा देव-देवता आदिका नामकरणमा भिन्नता र विविधता देखापरे तापनि देव-देवता, भूत-प्रेत, आत्मा आदिप्रति रहेको विश्वास एकै प्रकारको भेटिन्छ।

विभिन्न जातिहरुका धार्मिक कर्मकाण्ड, संस्कार, चाडपर्व आदिसित सम्बन्धित कुल पूजा, इष्ट देव, ग्राम देवता, सीमे भुमे, नाग-नगिनी, बुढा मष्टा, बुढा सुब्बा, बुढी बोज्यू, देउराली, उँधौली-उँभौली, गोष्ठी पूजा, संसारी पूजा, पितृ बोलाउने पूजा आदिदेखि लिएर धामी, झाँक्री, टुना-मुना, तन्त्र-मन्त्र, लामा, फादर, मौल्वी, बोङथिङ, ब्राह्मण सबैमाथि समान आस्था र विश्वास राख्ने सामाजिक परिवेश यहाँ भेटिन्छ।

यस किसिमका संस्कृतिको सम्मिश्रणलाई इन्द्रबहादुर राईले प्रौद्योगिकीको विसरण, अन्तर्जातीय मिश्रण, आर्यीकरण, क्षेत्रीय एवम् वाह्य विश्वासहरू, विधिहरु र आचारहरुको समावेश भनेका छन्। उनी भारतीय नेपाली सांस्कृतिक परिवेशलाई लक्ष्य गरी यहाँ आर्य, मङ्गोलीय, आग्नेय सब जात-संस्कृतिहरुको सम्मिश्रण पाइने कुरो प्रस्तुत गर्छन्।[२३५]

दार्जिलिङको समाजमा विभिन्न जाति, वर्ग, विचार, धर्महरु भए तापनि यहाँ एका-अर्काको संस्कृति, आस्था , विश्वास, धर्म, आचार-विचारमाथि विरोधी भावना उठेको पाइन्न। यहाँ गुम्बा, मन्दिर, मस्जिद, चर्च आदि विद्यमान छन्।

---

२३५. इन्द्रबहादुर राई, 'परिप्रेक्ष्यमा भारतीय नेपाली संस्कृति',पवन चामलिङ किरण (सम्पा.), **निर्माण संस्कृति विशेषाङ्क**, पृ. ७।

देव-देवीका मन्दिरमा विभिन्न जात-जाति प्रजातिले सभक्ति आराधना गरेको भेटिन्छ। यहाँ देखापर्ने यस किसिमको सांस्कृतिक वातावरणले पनि यहाँ हिन्दू संस्कृतिको गहन प्रभाव परेको तथ्यको बोध गराउँदछ।

दार्जिलिङ पहाडी क्षेत्रमा कतिपय चाड-पर्वहरु घर-घरमा सीमित थिए तर दार्जिलिङ गोर्खा पार्वत्य परिषद्को गठनपछि भने यी पर्वहरु भव्य रुपमा विभिन्न जात-गोष्ठीका सांस्कृतिक कार्यक्रम, भेषभूषा प्रदर्शन, खानपिन, हात-हतियार, गरगहना प्रदर्शन आदिका साथ मनाइने प्रचलन सुरु भएको पाइन्छ।

यसै दिनदेखि दार्जिलिङ पहाडी क्षेत्रमा मातातीर्थ औंसी, कुसे औंसी, जमरे औंसी, लक्ष्मी पूजा आदि विशेष रुपले मनाउने चलन छ।

यीमध्ये लक्ष्मी पूजा वा तिहारलाई वैश्य व्यापारीहरुको चाड मानिन्छ, यद्यपि यस दिन व्यापारीहरु लगायत सबैले धनकी देवीको पूजा गर्ने गर्छन्। "खस समाजमा अन्न र पशुको पूजा नै मुख्य हुनाले गाई, गोरुको पूजामा जोर दिन्छन्" भन्ने कुरो शान्तिराज शर्मा राख्छन्। अर्को पर्वको रुपमा यहाँ भाइको पूजा गर्ने चलन पनि छ।

पूर्णिमा तिथिका आधारमा मनाइने चाड-पर्व, उत्सवहरुमध्ये दार्जिलिङे समाजमा बुद्ध जयन्ती, रक्षा बन्धन, पितृ पूजा, त्रिवेणी मेला, स्वस्थानी व्रत, रामनवमी वा चैते दसैं मनाउँदै आएको पाइन्छ। यीमध्ये वैशाखी पूर्णिमा बौद्ध धर्मावलम्बी लगायत सम्पूर्ण पहाडवासीले गौतम बुद्धको जन्म-दिन समारोहपूर्वक मनाउने गर्छन्।

यसरी नै ऋषितर्पणी वा रक्षा-बन्धनको दिन आर्यहरु आफ्ना पुर्खा ऋषिहरुको पूजा गरी रिखी डोरी बाँध्ने गर्छन्। शान्तिराज शर्मानुसार "खसहरु आफ्नै कुलपितृ, देव-देवता, मस्टा आदिको पूजा गर्छन् भने कामीहरु बाँऊ मस्टाको पूजा गर्छन्। यस साउने पूर्णिमालाई राखी पूर्णि पनि भनिन्छ। यस पूर्णिमामा विभिन्न देव-देवता र पितृहरुको स्मरण गरिन्छ। नेवारहरु यसलाई **क्वाँटी पूर्णे** भन्छन्।"[२३६]

यस पूर्णिमाका दिन यहाँ मारवाडी, बिहारी आदि जातिले भाइ-पूजा गरी रक्षा-बन्धन गर्ने प्रचलन छ जुन पर्व यी सम्प्रदायका मानिसहरु धुमधामले मनाउने गर्छन्।

दार्जिलिङ पहाडी क्षेत्रमा मनाउने अर्को पर्व 'होलिका' हो। भारतका विभिन्न प्रान्तहरुमा झैं यहाँ बसोबासो गरिआएका सबै जातिहरुले होलिका मनाउँछन्। फागुन पूर्णिमामा मनाइने होलिकाको सम्बन्ध पुराकथा, पुराण एवम् मिथकीय घटनाहरुसित रहेको पाइन्छ।

यस पहाडी क्षेत्रमा मनाइने अर्को पर्व रामनवमी र चैते दसैं हो। खरसाङको गिद्धे पहाडमा

२३६. शान्तिराज शर्मा, खस-किरात संस्कृति, पृ. १२४।

रामनवमीको दिन ठुलो मेला लगाएर रामनवमी मनाउने चलन छ। राम नवमीपछि महावीर जयन्ती मनाउने प्रचलन पनि देखिन्छ। यस दिन पनि ठाउँ-ठाउँमा हनुमान वा महावीरको पूजा-पाठसँगै मेला लगाएर पर्व मनाउने प्रचलन छ।

त्रिवेणी मेलाको चर्चा पहाडी क्षेत्रमा दार्जिलिङ गोर्खा पार्वत्य परिषद्को गठनपछि मात्र सुरु भएको हो। यसभन्दा अघि यसलाई त्यति महत्त्व दिएको पाइन्न।

यसरी नै पौष पूर्णिमामा सुरु भएर माघ पूर्णिमामा समाप्त हुने स्वस्थानी व्रत पनि यस क्षेत्रमा बसोबासो गरिआएका छेत्री, बाहुन आदि सम्प्रदायमा प्रचलित देखिन्छ जसको प्रभाव अन्य जातिहरूमा पनि पर्न गएर हिजो-आज धेरैजसोले स्वस्थानी व्रत राखी पूजा गरेको पाइन्छ।

हिन्दू समाजमा प्रचलित यी पर्वहरूबाहेक चैत वा वैशाख महिनामा नै मनाइने इसाई धर्मावलम्बीहरूको गुड फ्राइ डे, इस्टर पनि छन्। दार्जिलिङे समाजमा कन्ये केटी र विवाहित नारीले शिवरात्रि मनाउने चलन रहिआएको पाइन्छ।

शिवरात्रिमा शिवको आराधना गर्नाले कन्ये केटीले आफूले चाहे जस्तो वर पाउने र विवाहितले आफ्नो लोग्नेको दीर्घायुको निम्ति पूजा गर्ने गर्छन्।

यहाँका बासिन्दाहरूले विजयादशमी वा बडा दसैं धुमधामसित मनाउने गरेको पाइन्छ। महालयका दिन देवी भगवती दुर्गाले महिषासुर वध गरेको कथामा आधारित गीति नाट्य आदि रेडियो, दूरदर्शन आदिबाट प्रसार गरिने परम्परा छ। गोर्खा जातिले बडा दसैंको रूपमा मनाउने चाड बङ्गाली सम्प्रदायले दुर्गा-पूजाको रूपमा मनाउने गर्छन्।

त्यसरी नै गोर्खा जातिले मनाउने लक्ष्मी-पूजा बङ्गाली सम्प्रदायले काली-पूजाको रूपमा मनाउँदै आउने गरेको पाइन्छ।

कृष्णको जन्मोत्सवमा मनाइने कृष्णाष्टमी दार्जिलिङ पहाडी क्षेत्रमा परम्परागत रूपमा मनाइन्छ।

दार्जिलिङमा नागपञ्चमीको दिन घर-घरमा नागको नक्सा टालेर नागको पूजा गर्ने प्रचलन छ।

यसरी नै यहाँ श्रीपञ्चमीलाई चाहिँ सरस्वती पूजाको रूपमा मनाइन्छ। भाद्र शुक्ल तृतीयाको दिन निर्जला व्रत गरेर आफ्नो इच्छित जीवनसंगीलाई प्राप्त गर्ने वा जीवन-साथी भएकाहरूले आफ्नो सौभाग्य सदा-सर्वदा रहोस् भन्ने कामना लिएर नारी जातिले मनाउने पर्व तीज हो।

नारी जातिले आफ्नो सामर्थ्यअनुसार यज्ञ मण्डप तयार पारेर योग्य ब्राह्मणद्वारा शिवलिङ्ग बनाई

विधिअनुसार पूजा गरेर दान दक्षिणा दिने प्रथा छ।

रातभर जागरण गरेर प्रातःकाल फुलपाती नदीमा लगेर विसर्जन गर्छन्। यसअघि भाद्र शुक्ल द्वितीयाको दिन माइतीले चेली लिएर गई नाना प्रकारको पकवान तयार पारी दर खुवाउने गर्छन्। रङ्गी-विरङ्गी परिधानले सजिसजाउ भएर सामाजिक, पारिवारिक नाना विषयका गीतहरू कथेर संगिनी गाउँदै यो पर्व मनाउने प्रचलन रहेको वेदान्तचार्य गोविन्द प्रस्तुत गर्छन्।[२३७]

दार्जिलिङ पहाडी क्षेत्रका बासिन्दाहरूले मकर सङ्क्रान्ति वा माघे सङ्क्रान्ति मनाउने चलन छ। माघ महिनामा मनाइने यो पर्व सूर्यले एक राशि छोडेर अर्को राशिमा सङ्क्रमण हुने यतिक्रमलाई संक्रान्ति भनिन्छ। यस दिन सूर्य छ महिना दक्षिण कर्क राशिमा बसेर उत्तरतर्फ फर्की मकर राशिमा प्रविष्ट हुन्छ त्यसै काललाई मकरसङ्क्रान्ति भनिन्छ।[२३८] यस पर्वमा ऋतुफल, कन्दमूल, खिर तथा स्वादिष्ट पाक-पकवान्न बनाएर छर-छिमेकीहरूमाझ स्नेह र प्रेमका साथ आदान-प्रदान गर्ने चलन छ। कोसेलीहरूमा काँचो वन तरुलको टुक्रा हुने गर्छ। यसबिना पर्व अधुरो मानिन्छ। यसबाहेक मुसलमान धर्मावलम्बीका इद, वकरिद आदि पनि बिना रोकटोक मनाइने प्रथा चलिआएको पाइन्छ।

जन्मदेखि लिएर मृत्युसम्मका विधि-विधान नियमित रूपमा पालन गरिआएको देखिन्छ। जन्मपछि न्वारन अनि छोराको ६ महिना, छोरीको पाँच महिनामा पास्नी गरिन्छ। पाँचदेखि सात वर्ष पुगेका छोराहरूको छेवर गरिन्छ। छेत्री, बाहुन, कामी, दमाई, सार्कीमा न्वारन, छेवर, बिहे आदिको विधिमा उति भिन्नता देखिन्न; यद्यपि छेत्री, बाहुनको बिहे-बटुलमा जाँड, रक्सी, माछा, मासुको प्रचलन हुँदैन। नत्र भने बिहे गर्नका निम्ति केटी माग्ने प्रचलन, चिना मिलाउने, जन्ती जाने, रत्यौली खेल्ने, जनै सुपारी गर्ने, भोजभतेर गर्ने रीति एकै देखिन्छ। जसको प्रभाव मतवाली जातहरूमा पनि पर्न गएर यसै प्रकारको रीतिरिवाज प्रचलित हुँदै आएको पाइन्छ। मृत्युपछि दाह-संस्कार गर्दा जलाउने अस्तु लगेर नदीमा बगाउने, मरेको मानिसको जुठो १२ वा १३ दिन बार्ने, नुन तेल नछुने, एकछाकी बार्ने, कुरीमा बस्ने, क्रिया पुत्रले दोहोरो बोल्नु नहुने, केश, जुङ्घा, दाह्री खौरने, बर्को वा राडी ओड्ने, कपालमा सेतो टाल्ने, अन्त्येष्टिका दिन शुद्धिकरण गर्ने, भोज खुवाउने आदि रीतिरिवाज धेरथोर प्रचलनमा देखिन्छ।

यसबाहेक यस क्षेत्रमा बसोबासो गरिआएका मङ्गोलमूलका राई, लिम्बू, गुरुङ, मगर, तामाङ, भोटे, लेप्चा, नेवार, थामी, सुनुवार आदिले आ-आफ्नै रीतिथितिमा पनि यस्ता कर्मकाण्ड, संस्कार आदि मानिआएका देखिन्छन्।

२३७. वेदान्तचार्य गोविन्द उपाध्याय, 'हरियाली तीज', हिमालय दर्पण, १५ जनवरी २००८।
२३८. ऋषिप्रसाद शर्मा, नेपालका राष्ट्रिय चाडपर्व, पृ. २१०।

धार्मिक दृष्टिले हिन्दू, मुसलमान, बौद्ध, इसाई आदि विभिन्न धर्मावलम्बीका मानिसहरु बसोबासो गरिआएको यस पहाडी क्षेत्रमा सन् १९२१-४१ को गणनाअनुसार यहाँको जनसङ्ख्या यसप्रकार देखिन्छ-

| धर्म | वर्ष | जनसङ्ख्या |
|---|---|---|
| हिन्दू | १९२१ | २०१३१६ |
| | १९३१ | २३६९१३ |
| | १९४१ | २७९१६८ |
| मुसलमान | १९२१ | ८५१६ |
| | १९३१ | ८३९१ |
| | १९४१ | ८७२८ |
| बौद्ध | १९२१ | - |
| | १९३१ | ५८९४३ |
| | १९४१ | ६७२२५ |
| इसाई | १९२१ | ८०९८ |
| | १९३१ | ८२८० |
| | १९४१ | ११०३१ |
| यहूदी | १९२१ | ६९ |
| | १९३१ | — |
| | १९४१ | — |
| अन्य | १९२१ | — |
| | १९३१ | १४५ |
| | १९४१ | ५८९। |

तालिका १०. राहुल सांकृत्यायन[२३९]

यसरी नै विज्ञप्ति सङ्ख्या XII-६, भारतको जनगणना १९३१ ले पनि दार्जिलिङ जिल्लामा जम्मै धर्म मान्नेहरुको सङ्ख्या १८५३७५, हिन्दू - ६६१७२, जनजाति ६२७०५, बौद्ध -५४१२७, इसाई-१९८१ देखाएको पाइन्छ। दार्जिलिङ पहाडी क्षेत्रमा देखापर्न आएको यस्तो परिवेशलाई आत्मसात गरी कुमार प्रधान दार्जिलिङ विभिन्न भाषा, रीतिरिवाज, धार्मिक विश्वास आदिको पसारो हो भन्ने विचार व्यक्त गर्छन्।[२४०]

२३९. राहुल सांकृत्यायन, दोर्जेलिङ परिचय, पृ. ३९।

२४०. कुमार प्रधान, पहिलो प्रहर, पृ. ४।

दार्जिलिङमा बसोबासो गरिआएका यी विभिन्न जातिहरु आफ्नो संस्कृतिप्रति सचेत र जागरुक भएको उदाहरण यिनको संरक्षणका निम्ति देखापर्न आएका जातिगत भिन्नतामा केन्द्रित सङ्घ-संस्थाहरुको स्थापना, विभिन्न अवसरमा आयोजन गरिने सांस्कृतिक कार्यक्रम, शोभा यात्रा, धार्मिक अनुष्ठान, पत्र-पत्रिका आदिमा प्रकाशित लेखादिबाट दिन सकिन्छ।

प्रचलित हिन्दी सिनेमा, सेटलाइटद्धारा प्रसारित विभिन्न कार्यक्रम, समाचार-पत्रद्धारा प्रकाशित विभिन्न थरीका लेखादि, विभिन्न थरीका विज्ञापन आदिबाट प्रभावित र प्रेरित सामाजिक परिवेश हेर्दा क्षेत्रीय सांस्कृतिक वातावरणमा व्यापक रुपले परिवर्तन आएको देखिन्छ।

पाश्चात्य संगीत, नृत्य, खानपिनप्रति आकर्षित, शास्त्रीय, सांस्कृतिक संगीत अनुष्ठान आदिप्रति वर्तमान युवा पिँढीको तिरष्कार, ध्वन्याकित (रेकर्डड) संगीतप्रति आकर्षित, टीन, डब्बा, पोलेथिन आदिमा बन्द तयार खाद्यादिको उपभोग, पर्यावरण आन्दोलन, वर्गीय सङ्गठन आदिको क्रियाकलापले संस्कृति लौकिक संस्कृतितर्फ आकर्षित बन्दै गएको कुरो इन्द्रहादुर राई प्रस्तुत गर्छन्। उनी प्रौद्योगिक उत्पादन निर्मित भौतिक तथा अनभौतिक समानलाई लौकिक संस्कृति ठान्छन्।[२४१]

यसरी दार्जिलिङ पहाडी क्षेत्रको सांस्कृतिक परिवेश इन्द्रबहादुर राईले भारतीय नेपाली संस्कृतिको सम्बन्धमा आफ्नो विचार पोखेझैं प्रौद्योगिकीकरणको विसरण, अन्तर्जातीय मिश्रण, विभिन्न जात-गोष्ठीका मिश्रित संस्कार, रीतिथिति, क्षेत्रीय एवम् वाह्यगत विश्वास, विधि आचारहरुको समावेश, धार्मिक मिथकीकरणको आदान-प्रदान आदिले भरिएको पाइन्छ।

### ३.३.३. सामाजिक पक्ष

संस्कृतिको अभिव्यक्ति सामाजिक जीवनका विभिन्न क्षेत्रहरु आर्थिक, राजनैतिक, भाषिक, शैक्षिक अन्तरवर्गीय, पारिवारिक, दैन्दिनका क्रियाकलाप आदिबाट भइरहेको पाइन्छ। संस्कृतिको स्वरुप सामाजिक आवश्यकताहरुद्धारा निर्धारित हुने हुनाले यसलाई सामाजिक परिस्थितिद्धारा निर्धारित हुन्छ भन्ने विचार ब. बेल्भ र म. कोभालजोन प्रस्तुत गर्छन्।[२४२] संस्कृति सामाजिक व्यवस्थाको ढाँचामा निर्मित हुन्छ भने सामाजिक व्यवस्थाभित्रको विभाजन आदि संस्कृतिबाट नै प्रतिविम्बित हुने गर्दछ। वास्तवमा संस्कृतिको अवधारणा समाजशास्त्रीय अवधारणाहरुको व्यवस्थाभित्र नै समावेश हुने हुनाले दार्जिलिङको सामाजिक पक्षमाथि चर्चा

---

२४१. इन्द्रबहादुर राई,'परिप्रेक्ष्यमा भारतीय संस्करृति', पवन चामलिङ किरण(सम्पा.), **निर्माण संस्कृति विशेषाङ्क**, पृ. ४।

२४२. व. बेल्वे र म कोभालजोन, **समाज र संस्कृति**, निनु चापागाइँ (अनु.), काठमाडौं, विवेक सिर्जनशील प्रकाशन, प्र. सं., वि. सं. २०६०, पृ. ५५।

गर्न पनि त्यत्ति कै महत्त्वपूर्ण ठहर्दछ।

मानव जातिका सृजनात्मक क्रियाकलापले धेरै वस्तुहरूमा परिवर्तन आउने गर्दछ। नयाँ-नयाँ वस्तुहरूको आविष्कार गरी सभ्य हुनुलाई संस्कृतिको उद्‌भव र विकासको रूपमा हेरिन्छ अनि यसको उपभोग र उपयोग समाजमा गरिने हुनाले संस्कृतिको अवधारणा नै समाजको धारणाको रूपमा देखापर्ने गर्दछ। सामान्य मानवीय गुण, जीवन पद्धतिका संस्कार र सामाजिक चलन चलती आदिद्वारा निर्माण गरिएको समग्र सम्भावनालाई संस्कृति भनिएको पाइन्छ।[२४३]

वास्तवमा सभ्यता र संस्कृतिसँगसँगै अघि बढ्ने गर्दछन्। मानव जातिको उठबस्, खानपिन, भेषभूषा, आचार व्यवहार, बातचितजस्ता वाह्य क्रियाकलापले सभ्यता सूचित गर्दछ, जुन वाह्य क्रियाकलापहरू मानव संस्कारसित सम्बन्धित हुने गर्दछन् अनि संस्कार, क्रियाकलापको जन्म समाजमा हुने गर्दछ।

यसैले समाजलाई मानव अभिव्यक्ति, क्रियाकलाप र त्यसको परिणाम समेतको सांस्कृतिक इतिहास भनिएको पाइन्छ, जहाँ भौतिक, बौद्धिक क्रियाकलापकै इतिहास परिलक्षित हुने गर्दछ।

एउटा छुट्टै समाज बनिनलाई त्यसको मूलभूत सङ्घटक तत्त्वहरूका रूपमा जातीयता, भाषा, संस्कृति, धर्म, जात-जातिका ऐतिहासिक पृष्ठभूमि, भौगोलिक ऐक्य, कलाकौशल, सङ्गीत, वाद्य यन्त्र, नृत्य, गीत, लोक-साहित्य आदि देखापर्ने कुरो शान्तिराज शर्मा प्रस्तुत गर्छन्।[२४४]

समाज गठनको सन्दर्भमा चर्चा गर्दा प्रवृत्तिका आधारमा मानव समाजलाई दुई वर्गमा विभाजन गरेको पाइन्छ - (१) केन्द्रोन्मुखी (२) वृत्तोन्मुखी।

उदयचन्द वशिष्ठको विचारमा केन्द्रोन्मुखी समाज बाहिरी परिधिबाट केन्द्र अर्थात् आत्मतिर जाने र वृत्तोन्मुखी केन्द्र वा आत्मदेखि बाहिरी परिधितिर जाने हुन्छ। यी दुई थरीका समाजमध्ये भारतीय संस्कृति केन्द्रोन्मुखी र पश्चिमेली संस्कृति वृत्तोन्मुखी देखिन्छ। भारतीय संस्कृति संसारमा रहेर पनि आत्मामा आधारित रहेको आत्मसङ्गम गरी अन्तःकरण, मन, बुद्धि, अहङ्कारलाई शुद्ध राख्ने प्रेरणा प्रदान गर्ने प्रवृत्तिले भरिएको हुन्छ। पश्चिमेली संस्कृतिले मनुष्यको सामूहिक सुधार गर्नलाई व्यक्तिगत सुधारभन्दा ज्यादा सामाजिक सुधार गर्न खोज्ने प्रवृत्तिले भरिएको हुन्छ।[२४५] यी दुवै थरीका सामाजिक प्रवृत्तिको मिश्रित रूप दार्जिलिङ पहाडी क्षेत्रमा देखिन्छ।

---

२४३. बिष्णु प्रभात, 'जनबादी संस्कृतिको सम्बन्धमा', पवन चामलिङ किरण(सम्पा.), **निर्माण संस्कृति विशेषाङ्क**, पृ. १८३।

२४४. शान्तिराज शर्मा, **खस-किरात संस्कृति**, पृ. १३६-१५०।

२४५. उदयचन्द वशिष्ठ,'सभ्यता र संस्कृति एक विवेचना',**निर्माण संस्कृति विशेषाङ्क**, पूर्ववत्, पृ. १९८-१९९।

दार्जिलिङ पहाडी क्षेत्रको सामाजिक परिवेशमा भौतिक सुखसुविधा, मनुष्यको सामूहिक सुधार, समाज सेवा आदिलाई प्राथमिकता दिनका साथै आध्यात्मिक पक्षलाई पनि महत्त्व दिइएको पाइन्छ।

सन् १८३५ देखि विदेशीहरुबाट स्थापित र विकसित दार्जिलिङको समाज गठनमा विभिन्न सामाजिक समुदायहरुको योगदान रहेको पाइन्छ। समाजमा देखापर्ने आन्तरिक विभेदीकरण, विरोधी वर्गहित, सामाजिक समूहको सङ्घर्षजस्ता पक्षहरु यहाँको सांस्कृतिक परिवेशबाट अभिव्यक्त छ। यहाँको समाज मिश्रित संस्कृतिमा केन्द्रित छ। समाज गठनको ऐतिहासिक पृष्ठभूमिको चर्चा गर्दा खस-किराँती परम्परामाथि थपिन आएको वैदिक आर्यहरुका पुरातन धर्म संस्कारकै विशेष भूमिका देखिन्छ ।

अङ्ग्रेजकालीन युगमा यस क्षेत्रमा बसोबासो गरिआएका मानव समाजमा ठुल-ठुला कार्यालयमा काम गर्ने हाकिम, अधिकारी, धनी मानिसहरुभन्दा ज्यादा दुध बेच्ने ग्वाला, कसाई, आरनमा काम गर्ने कामी, लुगा सिउने दर्जी, सार्की, बगैंचा स्याहार्ने माली, भाँडा बनाउने कुम्हाले, पुरोहित लगायत चिया र सिन्कोनाबारीमा काम गर्ने मजदुरवर्ग बेसी देखिन्छन्। कृषि, खेतीपाती, पशुपालन तथा अङ्ग्रेजहरुद्वारा स्थापित सैनिक छाउनीहरुमा भर्ती भएर सैनिक जीवन बिताउने मानिसहरु बसोबासो गरिआएको पाइन्छ।

दार्जिलिङको विकास र विस्तार हेतु अङ्ग्रेज सरकारबाट सुरु गरिएको सडक निर्माण प्रकिया र त्यसबाट प्रेरित परिवहन मोटर, रेलगाडीको आवागमन, यिनको मरमती गर्ने कार्यशाला, बिजुली बत्ती, कोइला आदिको उत्पादन फलस्वरुप यी क्षेत्रहरुमा पनि मजदुर, वाहन चालक, कार्यशाला आदिमा कारिन्दा आदिको रुपमा संलग्न भई मानिसहरु यस क्षेत्रमा जीविका उपार्जन गर्ने उद्देश्यमा बस्न थालेको पाइन्छ।

व्यापार वाणिज्यका सन्दर्भमा चर्चा गर्दा छिमेकी राष्ट्र नेपाल, भुटान, तिब्बत आदिबाट आएको कस्तुरी, लाहा, भेडाको ऊन, आलु, पाट, तोरीको तेल आदिसित दार्जिलिङ पहाडी क्षेत्रमा हुने चिया, सुन्तला, अलैंची आदिको व्यापार गरेको पाइन्छ। क्षेत्रमा बसोबासो गरिआएका विभिन्न जातिहरुमध्ये मारवाडी, नेवार, भोटे जाति धेरथोर व्यापार वाणिज्यमा संलग्न पाइन्छन्। अड्डा, अदालतको मध्यमवर्गीय ओहोदामा काम गर्ने मानिसहरु समतलबाट आएका बङ्गाली र अन्य जाति देखिन्छन्।

तिनताक बसोबासो गरिआएका विभिन्न जातिहरुमध्ये जनसाङ्ख्यिकीय दृष्टिले गोर्खा जातिको बहुलता देखिन्छ अनि गोर्खा जातिमा अधिकांश वर्ग श्रमजीवी, सर्वहारावर्ग भएको हुनाले एकात्मकताको भावना र जातीयताको भावनामा वृद्धि आएको पाइन्छ। फलस्वरुप दार्जिलिङ पहाडी क्षेत्रमा गोर्खा समाजको सङ्गठन भएको पाइन्छ। गोर्खा समाज गठनको अर्को प्रमुख कारण क्षेत्रमा प्रचलित नेपाली भाषा पनि हो।

पेसागत दृष्टिले दार्जिलिङ जिल्लाको निम्ति दिइएको आँकडाअनुसार सरकारी, गैर-सरकारी दफ्तरमा किरानी गर्ने मानिसहरुका रुपमा बङ्गाली, कायस्त जातिहरु अनि व्यापार धन्दामा भने अरु स-साना निजी पेसा गर्ने दर्जी, लोहार, सुनार आदि जातका मानिसहरु देखिन्छन् भन्ने कुरा कुमार प्रधान राख्छन्।[२४६] अड्डा अदालतमा मध्यमवर्गीय ओहोदाका निम्ति समतलबाट आएका बङ्गाली र हिन्दुस्तानी जाति धेरै देखिन्छन्।

तिनताक दार्जिलिङ सहरमा नोकरी चाकरी गर्नेको अवस्था गाउँबस्तीका मानिसहरुको तुलनामा राम्रो देखिए तापनि गाई वस्तु र उपार्जन राम्रो भएका व्यक्तिहरु पनि सहरेभन्दा धनी र प्रभावशाली रहेको कुमार प्रधान प्रस्तुत गर्छन्।

उनको भनाइमा तिनताकको समाज महाजन वा दाल चामल व्यापार गर्ने सुदखोरहरुको ऋण र ठगाइमा केन्द्रित देखिन्छ जुन कुरोको पुष्टि सन् १९०२ मा देखापर्ने कचरीको निजामती शाखामा ऋण चुक्ताको निम्ति ८०८ मुद्दा दर्ता भएको घटनाबाट दिन सकिन्छ।[२४७] ऋणले विशेष चियाबारीका श्रमिक र सरदारहरु ग्रस्त देखिन्छन्।

यस सम्बन्धमा चर्चा गर्दा धितो राखेर आना सुदमा लिएको कर्जाको व्याज ७५ प्रतिशत भए तापनि समय बित्दै जाँदा साउँ सूदमाथि चक्रवृत्ति व्याज जोडिँदै गएपछि एक रुपियाँ आना सूदमा लिएको ऋण तेह्र महिनापछि २२० रुपियाँ हुने गरेको घटना कुमार प्रधान प्रस्तुत गर्छन्।

यसको कारण कर्जा लिँदाको हात चिट्ठा च्यातेर ऋणलाई २२० रुपियाँ कर्जाको नयाँ हातचिट्ठामा सही छाप गराउँदै जाने चनाखो व्यापारीहरुले रकम दोबर तेबर बनाएको बुझिन्छ।

मूल हात चिट्ठा नहुँदा ऋणीले वास्तवमा खास कति रुपियाँ कर्जा लिएको थियो अदालतले प्रमाण पाउँदैन थियो भन्ने मत इतिहासकारहरु प्रस्तुत गर्छन्।[२४८]

दार्जिलिङ पहाडी क्षेत्रमा देखापर्ने यस थरीको परिवेशले तत्कालीन समाजको आर्थिक, शैक्षिक अवस्थालाई प्रस्तुत गर्दछ। कर्जा लिने जातिमा अशिक्षित, अनपढ, अनभिज्ञ, लाटा, सोझा नेपाली जाति नै धेरै देखिन्छन्।

सन् १९२० देखि ३० तिर नेपालीहरुमा सामाजिक, राजनैतिक चेतना ल्याउन तम्सेका आर्य समाजी स्वामी सच्चिदानन्द पनि महाजनको ठगाई र भारी सूदमा ऋण लिने समस्यासँग सचेत भएर यसको विरुद्ध

२४६. कुमार प्रधान, पहिलो प्रहर, पृ. ३१।
२४७. कुमार प्रधान, पूर्ववत्, पृ. ३०।
२४८. कुमार प्रधान, पूर्ववत्,।

सङ्गठित कार्य गर्न तम्सेका थिए भन्ने कुरोले तिनताकको सामाजिक परिवेशले प्रस्तुत गर्दछ।

दार्जिलिङ पहाडी क्षेत्रमा देखापर्न आएको सामाजिक विकास भने प्रारम्भिककालीन शिक्षाप्रणालीदेखि विकसित शैक्षिक परिवेश र त्यसबाट विकसित राजनैतिक, साहित्यिक, सांस्कृतिक परिवेश, सङ्घ-संस्थाहरूको स्थापना र तिनका कार्यकलाप आदिबाट दिन सकिन्छ।

दार्जिलिङको स्थापनाकालमा यस क्षेत्रमा बौद्ध धर्मसित सम्बन्धित धर्मको पुस्तक पढ्ने शिक्षा मात्र प्रदान गरेको पाइन्छ।

आधुनिक शिक्षासित सम्बन्धित कुनै पाठशाला अस्तित्वमा आएको पाइन्न। यस्तो स्थितिमा सन् १८५० मा पाद्री डब्लु स्टार्टबाट इसाई धर्म प्रचार गर्ने संस्थाको स्थापना भएपछि भने शिक्षाको प्रादुर्भाव भएको कुरो जुल्स ड्यास प्रस्तुत गर्छन्,[२४९] यद्यपि यस क्षेत्रमा मातृभाषामा शिक्षा प्रसार गर्ने माध्यम भने पाद्री विलियम म्याकफारलेनबाट सुरु भएको मानिन्छ।

सन् १८६९ मा मिसनरी म्याकफारलेनको आगमनबाट नै दार्जिलिङमा आधुनिक शिक्षाको वीजारोपन भएको कुरो जुल्स ड्यास प्रस्तुत गर्छन्।[२५०]

चारजना नेपाली र एकजना लेप्चा ठिटोलाई लिएर धर्म औ शिक्षाको क्षेत्रमा आफ्नो ऐतिहासिक कार्य शुरु गर्ने म्याकफारलेनबाट सुरु गरिएको शैक्षिक अभियानले दार्जिलिङे समाजमा शिक्षाको अङ्कुर फुटाइदिएपछि दार्जिलिङ पहाडी क्षेत्रमा पनि सामाजिक, राजनैतिक, साहित्यिक चेतनाको जागरण भएको बुझिन्छ। यसैको परिणाम स्वरूप आफ्नो जाति, भाषा, साहित्य, संस्कृतिप्रति सचेत गोर्खा जातिबाट विभिन्न थरीका सङ्घ-संस्थाहरूको निर्माणसँगै जातीय अस्तित्व र चिनारीको निम्ति आवाज उठाउन सुरु गरिएको पाइन्छ।

तिनताक दार्जिलिङमा नेपाली भाषामा शिक्षाको प्रचार-प्रसार नभए पनि सबैले बुझ्ने हिन्दी भाषामा शिक्षा प्रसार गर्ने उद्देश्य लिएर म्याकफारलेनकै प्रयास र सौजन्यमा केही युवाहरूलाई शिक्षणका निम्ति प्रशिक्षण दिने कार्य पनि सुरु भएको पाइन्छ।

इसाई धर्म प्रचार-प्रसारसँगै हिन्दी भाषामा शिक्षा एवम् धर्मका पुस्तकहरूको प्रकाशनसँगै प्राथमिक स्तरका पाठशालाहरू पनि खोलिँदै गएको देखिन्छ।

सन् १९०७ सम्म दार्जिलिङ जिल्लामा ७० वटा प्राथमिक पाठशाला अनि ती पाठशालाहरूमा

---

२४९. आर्थर जुल्स ड्यास, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ, पृ. २६५।

२५०. आर्थर जुल्स ड्यास, पूर्ववत्।

२४२० केटाहरू र ३०० केटीहरू अध्ययनरत देखिन्छन्। यिनैताक नेपाली भाषामा पनि बाइबलहरू अनुवाद हुनका साथै नेपाली व्याकरण, शब्दकोश आदि रचना भएर भाषाको विकास र विस्तार हुँदै गएको पाइन्छ।

दार्जिलिङ पहाडी क्षेत्रमा विस्तारपूर्वक प्राथमिक पाठशालादेखि लिएर मध्यस्तरीय शिक्षा हुँदै माध्यमिक, उच्च माध्यमिक, महाविद्यालय लगायत विभिन्न विषयसित सम्बन्धित प्रशिक्षण केन्द्रहरू खोलिँदै गएपछि सामाजिक क्षेत्रमा स्वत: विकास र सुधार आउन थालेको देखिन्छ।

उन्नाइसौं शताब्दीको प्रारम्भमा केवल ७० वटा प्राथमिक पाठशालाहरू देखापर्ने पहाडी क्षेत्रमा बीसौं शताब्दीको सुरुसम्म ८८३ वटा विभिन्न स्तरीय शैक्षिक केन्द्रहरू स्थापित भएको पाइन्छ।

यस्ता शैक्षिक केन्द्रहरू यहाँको दार्जिलिङ सदर, खरसाङ र कालेबुङ महकुमामा निम्न प्रकार देखिन्छ-

| १ | **प्राथमिक पाठशाला** | **माध्यमिक पाठशाला** |
|---|---|---|
| दार्जिलिङ सदर | ३२७ | २२ |
| कालेबुङ महकुमा | २२७ | १७ |
| खरसाङ महकुमा | १५२ | ७ |
| २ | **माध्यमिक पाठशाला** | **उच्च माध्यमिक पाठशाला** |
| दार्जिलिङ सदर | १८ | १५ |
| कालेबुङ महकुमा | ११ | ८ |
| खरसाङ महकमा | १३ | ७ |
| ३ | **महाविद्यालय** | **व्यावसायिक एवम् तक्निकी संस्थान** |
| दार्जिलिङ सदर | ४ | २ |
| कालेबुङ महकुमा | १ | १ |
| खरसाङ महकुमा | १ | २ |

तालिका ११. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा[२५१]

यसबाहेक बर्खे च्याउसरह उम्रिरहेका अङ्ग्रेजी माध्यमका प्राथमिक, माध्यमिक र उच्च माध्यमिक स्तरका पाठशालाहरू लगायत पौढ शिक्षा केन्द्र, जनसमूह साक्षार केन्द्र, कम्प्युटर प्रशिक्षण केन्द्र आदिले शैक्षिक क्षेत्रमा छुट्टै योगदान दिएको पाइन्छ।

२००१ को जनगणनाले दार्जिलिङ पहाडी क्षेत्रमा छ वर्षदेखि उता शिक्षित मानिसको सङ्ख्या

२५१. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा, एरिया एन्ड इसु प्रोफाइल अफ् दार्जिलिङ, पृ. १९-३१।

१,११,३,८४८ प्रस्तुत गरेको पाइन्छ।[२५२] दार्जिलिङमा भएको शिक्षाको विकास र विस्तारसँगै जागरुक गोर्खा जातिले आफ्नो जाति, भाषा, साहित्य, संस्कृति, समाजको विकास र उन्नतिका निम्ति विभिन्न थरीका सङ्घ-संस्था, राजनैतिक दल आदिको स्थापना उन्नाइसौं शताब्दीदेखि नै प्रारम्भ गरेको पाइन्छ।

यस्ता सङ्घ-संस्थाहरुमध्ये सन् १९१३ मा जोम्बे पावलको घरको पढ्ने कोठाबाट गोर्खा हिल कम्युनिटीको नामबाट सुरु गरिएको वर्तमानको गोर्खा जन पुस्तकालय नामक शैक्षिक, सामाजिक, संस्था, सन् १८२४ मा स्थापित नेपाली साहित्य सम्मेलन, सन् १९३२ मा दार्जिलिङको गोर्खा दुःख निवारक सम्मेलन, सन् १९६३ मा स्थापित नेपाली साहित्य परिषद, सन् १९६५ मा स्थापित नेपाली साहित्य अध्ययन समिति, सन् १९७३ मा स्थापित युग परिबोध, सन् १९७६ मा स्थापित अरुणि साहित्य संस्थान, सन् १९७८ मा स्थापित विकल्प, सन् १९९३ मा स्थापित विकास जन साहित्य केन्द्र आदि विशेष उल्लेखनीय छन्।

यी सङ्घ-संस्थाहरुमध्ये गोर्खा जन पुस्तकालयले तिनताकको समाजमा व्याप्त अशिक्षित पछौटे नेपाली भाषीहरुलाई शिक्षित तुल्याउने प्रयाससँगै जीवनोपयोगी पुस्तक-पुस्तिका, पत्र-पत्रिकाहरु उपलब्ध गराउने कार्य गरेको देखिन्छ। यसबाहेक विभिन्न सम्प्रदायहरुमाझ मेलमिलाप बडाउने प्रयास, सामाजिक ऐक्य कायम राख्ने प्रयास, सामाजिक कुसंस्कार, अन्धविश्वास आदि हटाउने प्रेरणा प्रदान, जनकल्याण हेतु शिक्षाको प्रचार-प्रसारसँगै धार्मिक, सांस्कृतिक कार्यक्रम आदिको आयोजन गरी समाजका विभिन्न पक्षमा विकास र सुधार ल्याउने कार्यमा महत्त्वपूर्ण सहयोग प्रदान गरेको पाइन्छ।

सामाजिक, शैक्षिक, भाषिक, साहित्यिक क्षेत्रमा सुधार र विकास ल्याउने उद्देश्यले स्थापित यस संस्थाले आज पनि समाजकै निम्ति सराहनीय कार्य गर्दै आएका छन्।

यसरी नै दार्जिलिङ, कालेबुङ र खरसाङमा स्थापित गोर्खा दुःख निवारक सम्मेलनले नेपालीहरुको दुःख-कष्ट निवारण, अनाथहरुको सहायतासँगै जाति सेवा, धार्मिक अनुष्ठान, भाषा, साहित्य, कला आदिको विकास र उत्थान हेतु विभिन्न थरीका गोष्ठी, सांस्कृतिक कार्यक्रम, प्रतियोगिता, पुस्तकादि प्रकाशनजस्ता महत्त्वपूर्ण कार्य गरी समाजमा उल्लेखनीय योगदान दिइरहेको पाइन्छ।

गोर्खा जातिमा आएको एकात्मकताको भावना, भाषा, साहित्यप्रति प्रेम, जागरुकताको फलस्वरुप देखापर्न आएको साहित्यिक एवम् भाषिक संस्थानहरुको योगदान पनि उत्तिकै महत्त्वपूर्ण देखिन्छ।

यस थरीका सङ्घ-संस्थाहरुको स्थापना, तिनको प्रेरणा र प्रोत्साहनबाट समाजको शैक्षिक, सामाजिक, राजनैतिक, साहित्यिक, सांस्कृतिक, भाषिक, आर्थिक, आध्यात्मिक आदि क्षेत्रमा भइरहेको सुधार र

---

२५२. मुस्करा फरिदी र पासङ दोर्जी लेप्चा, एरिया एन्ड इसु प्रोफाइल अफ् दार्जिलिङ, पृ. १९-३१।

विकासपूर्ण कार्यकलाप एवम् गतिविधिले दार्जिलिङे समाजलाई जिउँदो, जाग्दो र ऊर्ध्वगामी समाजको रूपमा खडा गरेको छ, यद्यपि क्षेत्रमा देखापर्ने राजनैतिक परिवर्तनबाट जन्मिएको जातिगत विविधतामा केन्द्रित सङ्घ-संस्थाको गठन, वैचारिक भिन्नतामा केन्द्रित बौद्धिक क्रियाकलापजस्ता प्रभावका फलस्वरुप परम्परागत रुपमा चलिआएको मिश्रित संस्कृतिमा केन्द्रित सामाजिक परिवेशदेखि दार्जिलिङे समाज विमुख हुँदै गइरहेको पनि अनुभव गर्न सकिन्छ।

अर्कोतर्फ आधुनिक शिक्षा, प्रौद्योगिकीकरण, पाश्चात्य सभ्यता आदिका कारणले पनि परम्परागत रुपमा चलिआएको संस्कृति, सभ्यताबाट समाज विसंस्कृतीकरणतर्फ अग्रसर भइरहेको हुनाले यहाँका सामाजिक, सांस्कृतिक, भाषिक परिवेश विकासशील र परिवर्तनमुखी देखिन्छ।

## ३.४. दार्जिलिङ पहाडी क्षेत्रको प्रशासन व्यवस्थाको ऐतिहासिक विवरण

भारत देशमा अङ्ग्रेजहरूका आगमनपूर्व दार्जिलिङ र कालेबुङ सिक्किमकै अङ्ग भएको हुँदा दार्जिलिङ पहाडी क्षेत्रको प्रशासन व्यवस्थाको ऐतिहासिक विवरण पनि सिक्किमकै प्रशासन व्यवस्थाको इतिहासको अंश भएर हेरिनुपर्ने हुन्छ।

भारतवर्षमा खिलजीवंशले शासन गरेको समकालमा सिक्किममा लेप्चा जातिका मुखिया राजा तरभे पनुले शासन चलाएको लोककथा छ। उनीपछि उनका तीन उत्तर अधिकारीहरूले शासन चलाएपछि सिक्किमबाट राजतन्त्र लोप भएर गएको इतिहासकार जय धमाला बताउँछन् [२५३] यद्यपि सिक्किमको इतिहासमा राजा, पनु, मुखिया आदिका निर्देशनमा राज्यको प्रशासन व्यवस्था चलेको कुरो सम्बन्धी प्रमाण फेला पार्न सकिन्न, तापनि फुन्सोग नामग्यालको प्रथम राज्यारोहणपछि भने लिखित इतिहास फेला पर्ने कुरो उनी प्रस्तुत गर्छन्।[२५४]

सन् १६४२ मा छोग्याल फुन्सोग नामग्याल सिक्किमका प्रथम अभिषिक्त राजा भए। लोककथाअनुसार तिब्बतका तीनजना लामाहरूले सिक्किमका तीन दिशा भएर योकसोममा भेट भई सिक्किमवासीको एउटा सभा आयोजन गरी फुन्सोगको राज्याभिषेक गरे।

फुन्सोग उत्तर सिक्किमको याटोङका शक्तिशाली व्यक्ति ख्येबुम्साका सन्तान मानिन्छन्, जसको जन्मसित लेप्चा जातिका दैवी शक्ति भएका थिकुङ तेक र निकुङ ङलको वरदानको लोककथा सम्बन्धित छ।

---

२५३. जय धमला, सिक्किमको इतिहास, दार्जिलिङ, श्याम प्रकाशन, प्र. सं., सन् १९८३, पृ. ३७-३८।
२५४. जय धमला, पूर्ववत्, पृ. ३९।

जय धमलाअनुसार यिनै फुन्सोगलाई लामाहरूले नामग्याल र छोग्याल ( धर्मराजा) को पदवी दिएपछि सिक्किममा राजतन्त्र सुरु भएको पाइन्छ। यिनै फुन्सोग नामग्यालकै वंशको राजतन्त्र १९७४ सम्म चलेको बुझिन्छ।[२५५]

नामग्याल वंशकै शासनकालमा विभिन्न राजनैतिक परिवर्तन, छिमेकी राज्यबाट आक्रमण, युद्ध, सन्धि आदिका फलस्वरूप दार्जिलिङ र कालेबुङ सिक्किमदेखि अलग हुनुपरेको देखिन्छ। सन् १७०६ तिर भुटान-सिक्किम युद्धपछि कालेबुङ भुटानको भएझैं सन् १७८४-८९ भित्र छिमेकी राज्य नेपालबाट सिक्किममाथि आक्रमण गरी टिस्टापारिसम्मका पहाडी क्षेत्र र तराईका धेरै भूभाग गोर्खाको अधीनमा रहेको कुरो यहाँका स्थाननामहरूबाट प्रस्तुत गर्न सकिन्छ। यस सन्दर्भमा चर्चा गर्दा सत्रौं शताब्दीमा तिब्बतीहरूले सिक्किममाथि पसेर आफ्नो अकाधिपत्य जमाएको समय लेप्चा र मगर गाउँहरू जित्नुपरेको समय दार्जिलिङमा *मगरजोङ*, *मुर्मीदोङ*जस्ता ठाउँका नाउँहरू रहेको कुमार प्रधान प्रस्तुत गर्छन्।[२५६]

इतिहासकार कुमार प्रधानअनुसार " अठारौं शताब्दीतिर उत्तर दिशामा गोर्खा जाति शक्तिशाली भएर फैलिरहेको समय दक्षिणमा व्यापार वाणिज्य गर्ने उद्देश्य लिएर पसेका इस्ट इन्डिया कम्पनी स-साना राज्यहरूमाथि चढाइ गर्दै आफ्नो साम्राज्य गठनतर्फ अग्रसर भइरहेको थियो।"[२५७]

छुगफोद नामग्यालको राजत्वकालमा गोर्खाहरूलाई सिक्किमको टिस्टापारिको भूभागबाट हटाउन सिक्किमका राजाले पनि भारतका अन्य सानातिना राज्यहरूले झैं ब्रिटिस सरकारलाई सहयोग मागेपछि सन् १८१४ मा अङ्ग्रेज-नेपाल युद्ध छेडियो। परिणाममा सन् १८१५ मा नेपाल र अङ्ग्रेजहरूमाझ सुगौली सन्धि भयो। सन्धिको अनुच्छेद ३ को धारा ४ र ५ अनुसार मेची र टिस्टा नदी माझको भूभाग लगायत मेचीपूर्वका सम्पूर्ण भूभाग, नागरीको जमिन, गढी, पहाडतिर मोरङतिर पस्ने नगरकोट भन्ज्याङ आदि इस्ट इन्डिया कम्पनीमा गाभिने भयो। यसका साथै अनुच्छेद ५ अनुसार ४० दिनभित्र गोर्खा सैनिकले नागरीको गढी खाली गरिदिने माग पनि अन्तर्भुक्त गरिएको थियो।[२५८] सन्धिअनुसार नेपाल-सिक्किम सम्बन्धमा कुनै पनि समस्याको समाधान गर्न अङ्ग्रेज सरकारको निर्णय सर्वमान्य ठहर्ने भयो। सिक्किमलाई नेपालले आफ्नो अधीनमा पारेको भूभाग फर्काउँदा ब्रिटिस सरकार र सिक्किममाझ पनि सन् १८१७ मा टिटालियाको सन्धि भयो, जुन सन्धिले सिक्किममाथि अङ्ग्रेजहरूको सार्वभौम सत्ता रहन गयो।

---

२५५. जय धमला, **सिक्किमको इतिहास**, पृ. ३९-४१।

२५६. कुमार प्रधान, **पहिलो प्रहर**, पृ. ६-७।

२५७. कुमार प्रधान,पूर्ववत्,पृ. ९-१०।

२५८. आर. मोक्तान, **सिक्किम-दार्जिलिङ कम्पेन्डियम अफ् डक्युमेन्ट**, कालिम्पोङ, समरलय प्रकाशन, प्र. सं., सन् २००४, पृ. ४-५।

तिनताक सिक्किम राज्यभित्रै पनि भोटे र लेप्चाहरूमाझ साम्प्रदायिक भावनाका आधारमा शासन व्यवस्था लिएर मनोमालिन्य उत्पन्न भरहेको पाइन्छ। यस्तो स्थितिमा लेप्चा जाति सिक्किमबाट भागेर गोर्खा जातिको शरणमा पुगे। फलस्वरुप गोर्खा जातिले पुन: सिक्किममाथि आक्रमण गरेपछि मेचीपूर्व सिक्किम र नेपालमाझ फेरि युद्ध छेडिएको कुरो कुमार प्रधान प्रस्तुत गर्छन्।[२५९] सुगौली सन्धि र टिटालियाको सन्धि बमोजिम अङ्ग्रेज सरकारले निर्णय दिनु पर्ने समय आइपुग्दा तत्कालीन जेनेरल विलियम वेन्टिङ्कले समस्याको समाधान हेतु क्याप्टन लोयड र मिस्टर ग्रान्टलाई सन् १८२८ मा सिक्किमका रिङकिङपोङको उत्तरतिर सीमा सम्बन्धमा छलफल गर्न पठाए।[२६०] यिनै समय क्याप्टन लोयडले सन् १८२९ को फरवरी महिनामा आजको घुम भन्ज्याङ तिनताकको *दोर्जेलिङ* भन्ने पुरानो गौँडामा छ दिन बिताएको कुरो उनले भ्रमण गरेका ठाउँहरूको विवरण दिँदा प्रस्तुत गरेको कुरो इतिहासकार कुमार प्रधान बताउँछन्। दार्जिलिङको वास्तविक नाम *दोर्जेलिङ* रहेको तथ्य लोयडद्वारा दिइएको विवरणबाट पनि जान्न सकिन्छ। अङ्ग्रेजीकरण गरिएको दार्जिलिङको वास्तविक नाम *दोर्जेलिङ* नै रहेको तथ्यलाई कुमार प्रधानद्वारा दिइएको विवरणले अझ पुष्टि दिने काम गरेको पाइन्छ। उनको भनाइअनुसार "त्यसबेला दार्जिलिङमा केही झुप्रा-झुप्रीहरु मात्र थिए, जनसङ्ख्या घटेर एक सय मात्र पुगेको थियो अनि यहाँबाट सिक्किमलाई बार्षिक आय २० रुपियाँ मात्र हुन्थ्यो। यी मानिसहरूका लौकिक र पारलौकिक कल्याणको निम्ति दोर्जे नामक लामा खटिएका थिए। तिनैको नाउँबाट *दोर्जेलिङ* नाउँ आएको हो भन्ने भनाइ छ, जुन सम्भव पनि हुन सक्छ। यी लामा सिक्किम राजाप्रति उत्तरदायी थिए। यहाँबाट उठेको खजानाको बहीमा दोर्जेको शासनमा भएको गाउँ *दोर्जे लिङ* शीर्षकमा दर्ता गरिएको थियो।"[२६१]

सीमा भ्रमणका समय दुई अङ्ग्रेजहरूको नजर दार्जिलिङको प्राकृतिक परिवेश, जलवायु, सिक्किम, नेपाल, तिब्बत, भारतको गौँडा पर्ने ठाउँ लगायत आरोग्य लाभका लागि पनि योग्य स्थल देखिएबाट दुवै आकर्षित भई गवर्नर जेनरललाई दार्जिलिङ ब्रिटिस भारतमा गाभिनुपर्ने प्रस्ताव राखेको पाइन्छ। फलस्वरूप सिक्किम र इस्ट इन्डिया कम्पनीमाझ विभिन्न थरीका शर्तहरु भएपछि सिक्किमका सातौं धर्मराज सगफु नामग्यालको समयमा सन् १८३५ मा दार्जिलिङ ब्रिटिस सरकारको हातमा भेट स्वरुप पर्नगएको देखिन्छ। सिक्किम र अङ्ग्रेज सरकारमाझ दार्जिलिङलाई लिएर भएको लेनदेनको समयपूर्व नै यहाँको प्रशासनिक व्यवस्थाको इतिहास सुरु भएको कुरो कुमार प्रधानद्वारा प्रस्तुत गरिएको उक्त थरीका विवरणात्मक पक्षबाट व्यक्त हुँदछ। तिनताक सिक्किमकै भूभाग रहेको दार्जिलिङ एकजना काजीको गौँडा भए तापनि त्यो ठाउँ

---

२५९. कुमार प्रधान,पहिलो प्रहर,पृ.१७-१८।

२६०. आर्थर जुल्स ड्यास, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ, पृ. ३७।

२६१. कुमार प्रधान, दार्जिलिङको इतिहास, जोनाथन थापा (सम्पा.), दीयो, वर्ष १३, अङ्क ८, पृ. ६।

परित्यक्त रहेको कुरो लोयडले आफ्नो विवरणमा प्रस्तुत गरेका छन्।

सिक्किमका राजाको अत्याचारले गर्दा क्षेत्रमा बसोबासो गरिआएका १२०० लेप्चाहरु (तिनताकको सिक्किमको जनसङ्ख्या को २ वा ३ भाग) नेपालतिर भागेर गएको परिवेशले क्षेत्र राजतन्त्रकै अधीनमा रहेको बुझिन्छ, यद्यपि लोयडले दिएको विवरणअनुसार "यदि दार्जिलिङ अङ्ग्रेज सरकारले लिए यहाँबाट भागेर गएका मुखिया र मानिसहरू लगत्तै फर्किनेछ अनि राजा उत्तिकै अत्याचारी भए एकजना लेप्चा उनको अधीनमा बस्नेछैनन्"[२६२] आदिले तिनताक दार्जिलिङ लेप्चा जातिका मुखियाको अधीनमा रहे तापनि सिक्किमका राजाकै दासप्रथामा अन्तर्निहित देखिन्छ। अङ्ग्रेज सरकारको अधीनमा दार्जिलिङ आएपछि यसको विकास र विस्तारको कार्य प्रारम्भ भएको पाइन्छ , जुन कुरोको प्रमाण क्षेत्रमा देखापर्न आएका गाउँ-ठाउँका नामहरुसित जोडिन आएको विदेशी नाम, विभिन्न कार्यकलापसूचक नाम आदिबाट राख्न सकिन्छ। जस्तै - *म्याकेन्जी रोड, अक्ल्यान्ड रोड, कमरसियल रो, अप्पर कार्ट रोड, हुक्कर रोड. हर्मनटेज, गुड्री रोड, मिलिटेरी रोड, कचरी रोड, पिनल मार्केट,करमाइकल रो* आदि।

सन् १८३९ मा डाक्टर क्याम्बेललाई दार्जिलिङ क्षेत्रको प्रबन्धक अथवा अधीक्षक पदमा नियुक्त गरेपछि उनले दार्जिलिङमा हुने वैधानिक, अवैधानिक, आर्थिक, वित्तीय प्रशासन व्यवस्था सुरु गरेको पाइन्छ। उनकै प्रोत्साहनमा दार्जिलिङमा खेतापातीको व्यवस्थापन, स्वास्थ्यकेन्द्रको स्थापना, यातायातको विकास र समृद्धिको कार्यमा बाधा अडचन पुराउनेलाई रोकथाम गर्न पहाडी पल्टन आदिको व्यवस्थापन सुरु भएको पाइन्छ। दार्जिलिङमा प्रथम प्रहरीबलको स्थापनाको नियमसँगै प्रहरीबलको रूपमा मासिक २० रुपियाँमा एकजना राइटर, पाँच रुपियाँमा चारजना चपरासी गरी मोठ ४० रुपियाँमा प्रहरीबल गठन गरेको पाइन्छ।[२६३]

उनकै समयमा दार्जिलिङमा ७० वटा युरोपेली घरहरुको निर्माणसँगै एउटा बजार, जेल, क्षेत्रमा कार्यरत विरामीको निम्ति वासस्थान निर्माण एवम् न्यायको सामान्य प्रशासन व्यवस्था देखापरेको पाइन्छ जुन व्यवस्था उनीसित सम्पर्कमा आउने जनजातिहरुको चरित्रलाई ध्यानमा राखेर तयार गरिएको बुझिन्छ। यसबाहेक मजदुरवर्गलाई बल र शक्तिको भरमा भन्दा उनीहरुका परिश्रमको तोलमोल गरेर काम गराउने नियम सुरु गरेको देखिन्छ। यिनैको परिणामका फलस्वरुप क्षेत्रमा *कचरी रोड, खोली घर, कार्ट रोड, जज बजार, म्याकचन रोड, जेल रोड, दरोंगा बजार, डेल कर्नर, कटवली, एलिसभिल्ला रोड, हुकर रोड, इडेनवर्ग गाउँ*जस्ता स्थाननामहरु जन्मिएका पाइन्छन्।

मजदुरवर्गलाई बल र शक्तिको भरमा भन्दा उनीहरुको परिश्रम तोलमोल गरेर काम गराउने

---

२६२. कुमार प्रधान, पहिलो प्रहर, पृ. १७-१८।

२६३. कुमार प्रधान, पूर्ववत्।

नियमको सुरुवातसँगै चिया र कफीको बिरुवा रोपन, बाटोघाटो निर्माण, निशुल्क सङ्घ-संस्थाहरुको स्थापनाजस्ता कार्य आदि सुरु भएको देखिन्छ। सन् १८५६ तिर दार्जिलिङका विभिन्न ठाउँहरुमा चियाको खेती र सन् १८६१ मा सिन्कोनाको खेतीसँगै *मार्टिन कमान, फेडरिक वर्ग डिभिजन, वार्नेसवेग टी गार्डन, कम्बल टी गार्डन, तक्दा क्लब एरिया, तकभर टी गार्डन, गिङ टी गार्डन, ओक्स टी गार्डन, मेक्दलकमान*जस्ता स्थाननामहरु एवम् सिन्कोनाको प्रजातिमा आधारित *रुबस्ता, कालिसेर गाउँ* आदि स्थाननामहरु देखापरेका पाइन्छन्। दार्जिलिङमा चिया र सिन्कोनाको खेती सुरु गरेपछि बगानमा काम गर्ने मजदुरवर्गको आवश्यकता आइपर्दा सरदरी प्रथा सुरु भएको पाइन्छ। यसबाहेक चिया र सिन्कोनाका बोटहरु रोपिएको क्षेत्रको विभाजन, प्रबन्धकहरुको आयोजन, कार्यालय, कलकारखाना आदिको स्थापना आदिबाट गाउँ-ठाउँको नामकरणमा पनि विविध विशेषताहरु थपिँदै गएपछि क्षेत्रमा *एकनम्बर गाउँ, दुईनम्बर गाउँ, कोठी धुरा, गोदाम गाउँ, स्टाफ लाइन, रासिन धुरा*जस्ता नामहरुसँगै सरदारहरुका नाममा आधारित *रसदल गाउँ, महेन्द्र गाउँ, डाकमान डाँडा, बहादुर गाउँ, धनबीर धुरा, चन्द्रमान धुरा*जस्ता स्थाननामहरु अस्तित्वमा आएका पाइन्छन्। दास प्रथादेखि मुक्त जीवन जिउने अवसरसँगै जीविका उपार्जनका प्रशस्त मार्गहरु खोलिँदा छिमेकी राज्य सिक्किम, नेपाल, भुटान आदिका दासहरु भागेर दार्जिलिङ आउन थाले। दासहरु देशबाट भागेर दार्जिलिङको शरणमा परेको खबरबाट छिमेकी राज्यहरु सन्तुष्ट थिएनन्।

सिक्किमबाट हुने व्यापार वाणिज्यमा रहेको एकाधिपत्यमा सिक्किमका केही प्रमुख व्यक्तिहरु लगायत लामाहरुका साझेदारी र दासहरुमाथि रहने उनीहरुको अधिकार हनन हुनजाँदा दार्जिलिङमा आएका दासहरु उठाउने, मार्ने कार्य सुरु भयो।

परिणाममा सन् १८४८ मा डा. जोसेफ हुकर र क्याम्बेल सिक्किमका राजासँग भेट गरी यसै विषयमा कुराकानी गर्न जाँदा तिनताकका दिवान नामग्यालले उनीहरुलाई बन्दी बनाएर सिक्किमका दासहरु फिर्ता गरेमात्र उनीहरुलाई छोडिदिने अडको थापे।

केही कालसम्म बन्दी बनिएका अङ्ग्रेजहरु सिक्किमेलीहरुकै सहयोगमा २४.१२.१८४९ मा छोडिएपछि अङ्ग्रेज सरकारले दासहरु छाडिदिनुको सट्टा सिक्किमलाई दिने वार्षिक ६ हजार तौजी पनि बन्द गरिदिए। यसबाहेक राजाले भेट स्वरुप दिएको दार्जिलिङ भूभागको उत्तरतिर ठुलो रङ्गीत नदीदेखि पश्चिमतिरको रङ्नु र महानदीले घेरिएको क्षेत्रलाई पनि आफ्नो बनाए। सन् १८५० मा तराई खण्डका केही भूभाग, नेपालका सिमानासँगै ७४० वर्गमाइल भूमि जोडेर दार्जिलिङको विस्तार गरे। सन् १८५० मा जोडिएको तराई खण्डको दक्षिण भूभाग तिनताकको पूर्णिया जिल्लाको देखरेखमा राखिदिए पनि रैथानेहरुले

असन्तुष्टि देखाएपछि त्यसलाई पुन: दार्जिलिङसित नै जोडियो।[२६४]

सन् १८५० मा नै दार्जिलिङ सहरको प्रशासनिक व्यवस्था चलाउन दार्जिलिङ नगरपालिकाको स्थापना गरियो। कालान्तरमा सन् १८७९ मा खरसाङमा र सन् १९४७ मा कालेबुङमा नगरपालिकाहरूको स्थापना भएको पाइन्छ। नगरपालिकाको स्थापनाले पनि नगरपालिका र त्यसका विभिन्न ओहोदामा बसेका व्यक्तिहरूमा आधारित स्थाननामहरूलाई जन्म दियो। फलस्वरुप दार्जिलिङ पहाडी क्षेत्रमा *म्युनिसिपल गाउँ, जे.ब.थापा पथ, डन डाँडा, रोबर्टसन रोड, लाडेनला रोड*जस्ता स्थाननामहरू देखापरे।

हुकर र क्याम्बेलसित घट्न गएका घटनासित सम्बन्धित उनीहरूलाई भगाउनमा सहयोग गर्ने छेबु लामालाई बिजनबारीदेखि मास्तिरको भूभाग जीविका उपार्जन हेतु दिएपछि दार्जिलिङ क्षेत्रमा छेबु लामासित सम्बन्धित *छेबु लामा स्टेट, कर्मी स्टेट, बिहिबारे*जस्ता स्थाननामहरू जन्मिए। तिनताक दार्जिलिङको चाँडो विकास र विस्तार गर्ने उद्देश्य लिएर ब्रिटिस सरकारबाट क्षेत्रका विभिन्न भूभागहरू कम मूल्यमा बिक्रिबन्डा गर्ने कार्यप्रणालीबाट दार्जिलिङ क्षेत्रमा जमिन्दारी प्रथासँगै राजा-महाराजाहरूको आगमनले गर्दा यहाँ *अच्छालालहट्टा, ह्यारिसनहट्टा, राजाहट्टा, बर्धमान रोड, कुचविहार रोड, राजबाडी, जोन्सनहट्टा, जमदारभिट्टा, उदयचन्द रोड*जस्ता स्थाननामहरू जन्मिए।

सिक्किमबाट छुट्टिएको दार्जिलिङमा तराई खण्ड पनि मिसाएपछि क्याप्टन लोयड, क्याम्बेल आदिले यहाँको प्रशासन व्यवस्था सम्हाल्दै नियम-कानुन बनाएर राखे, यद्यपि दार्जिलिङ तिनताक अव्यवस्थित र अनियमित क्षेत्र भएको हुँदा अन्य जिल्लाहरूमा झैं यहाँ ऐन कानुन लागु भएको पाइन्न।

समयको मागअनुसार यो क्षेत्र घरी पश्चिम डुवर्स जिल्लाका उप-अधिकारीको देखरेखमा त घरी राजाशाही विभागको खण्ड त घरी पूर्णिया र जलपाइगढीको ब्रिटिस जिल्लाहरूसित जोडिन पुगे। सिक्किम सिमानासित भएको समस्याको समाधान एकतर्फ भइरहेको समय अर्कोतर्फ भुटानबाट पनि ब्रिटिस भूभागबाट गुप्ती रुपले आक्रमण गरी निर्दोष मानिसहरूमाथि हमला, बन्दी बनाउने कार्य सुरु भयो। अन्त्यमा बाध्य भएर ब्रिटिस सरकारले भुटानमाथि आक्रमण गरेपछि ११.११.१८६५ मा इस्ट इन्डिया कम्पनी र भुटानमाझ सिन्चुला सन्धि भयो।[२६५]

सन्धिपछि कालेबुङ लगायत भुटान सरकारको देखरेखमा रहेको समय बुढी गुमा, बक्सा डुवर्सका कतिपय भूभाग ब्रिटिस साम्राज्यमा गाभियो। तिनताक पश्चिम डुवर्स जिल्लाको उपअधिकारीको देखरेखमा रहेको कालेबुङ सन् १८६६ मा दार्जिलिङसित जोडिएपछि जिल्ला गठन भयो। यसै कारणले गर्दा दार्जिलिङ

२६४. सोनाम बी. वाङ्गेल, सिक्किम एन्ड दार्जिलिङ : डिभिजन एन्ड डिसेप्सन, पृ. १२६-१३४।
२६५. सोनाम बी. वाङ्गेल, पूर्ववत्, पृ. १५६-१५८।

पहाडी क्षेत्रका स्थाननामहरुमा भुटान राज्य र भोटेहरुको पनि सम्बन्ध रहेको पाइन्छ। कालेबुङको लेप्चा नाम *का-लेन-पुङ अथवा का-लेम-पुङ* होस् दुवैको व्युत्पत्ति केलाउँदा भुटान राज्य, त्यहाँका मंत्री, अधिकारीहरु र लेप्चा जातिसित सम्बन्धित ऐतिहासिक घटना उद्घाटित भएको पाइन्छ।

जिल्ला गठनपछि दार्जिलिङ क्षेत्र सदर र महकुमाहरुमा विभाजन भएका पाइन्छन्। यसका साथै जिल्लामा देखापर्ने चियाको खेती गरिएको कुनै पनि क्षेत्र पट्टा वा ठेकामा दिन नपाउने नियम लागु गरिएझैं चिया, सिन्कोना आदि बगानहरुभित्र छुट्टै व्यवस्थापन र प्रशासन व्यवस्था लागु गरिएको पाइन्छ। यसबाहेक कुनै कारणबिना पहाडी खासमल क्षेत्रका पहाडवासीहरुको जग्गाजमिन मधेसका बासिन्दाहरुको नाममा स्थान्तरण गर्न नपाउने एवम् भोटे-लेप्चा जातिका जग्गाजमिन अन्य जातिको नाममा स्थान्तरण हुन नपाउने नियम सुरु भएको देखिन्छ। जिल्लाको रुपमा गठन भए तापनि अव्यवस्थित र अनियमित जिल्ला देखापर्ने दार्जिलिङमा सन् १९१९ सम्म कुनै पनि प्रकारको नियम वा कानुन औपचारिक रहेको पाइन्न। विशेष किसिमको कानुन व्यवस्था प्रयोगमा ल्याउने प्रयास गर्दा दार्जिलिङ जिल्लाको प्रशासनिक व्यवस्था नै अनौठो ढङ्गको बन्न गएको देखिन्छ। दार्जिलिङमा कैयौं वर्षसम्म प्रशासन व्यवस्थामा असङ्ख्यौं परिवर्तन, नयाँ-कानुन, नयाँ-ऐन देखापरे। समय परिवर्तन अनुरुप भारतमा आएको जनक्रान्तिको प्रभाव दार्जिलिङ क्षेत्रमा पनि पर्न जाँदा यहाँको समाज, परिवेश, वातावरण आदिप्रति सचेत बन्दै गएका बासिन्दाहरुमा राजनैतिक चेतनाको विकाससँगै सामाजिक, साहित्यिक, शैक्षिक आदि क्षेत्रहरुमा पनि जनचेतना आउन थाले।

यस किसिमका परिवर्तनको झलक क्षेत्रमा उपलब्ध साहित्यिक व्यक्तित्वहरुसित सम्बन्धित नाम जस्तै- *रसिक ग्राम, रुपनारायणसिंह रोड, अच्छा राई रसिक पथ, अरुणि पथ, सुधपा टोल, देवकोटा ग्राम* आदि, राजनैतिक परिवेशसित सम्बन्धित नाम - *गान्धी ग्राम, शास्त्री नगर, इन्दिरा चोक, दलबहादुर गिरी रोड, डम्बरचोक, जवहार बस्ती* आदि, समाजसुधारसित सम्बन्धित व्यक्तिनाम- *जे. एन.मित्र रोड, प्रभुदानन्द रोड, एच.एल.घोष रोड* आदिबाट पनि प्रस्तुत गर्न सकिन्छ।

कतिपय व्यांवहारिक उद्देश्यका फलस्वरुप सन् १९३७ मा दार्जिलिङ पश्चिम बङ्गालकै एउटा जिल्ला बन्नगयो। त्यसपछि भने पश्चिम बङ्गालका अन्य जिल्लाहरु सरह राज्यबाट लागु गरिएका प्रशासन व्यवस्था दार्जिलिङमा पनि लागु हुनथालेको पाइन्छ। फलस्वरुप दार्जिलिङको प्रशासन व्यवस्था जिल्ला अधिनायक, नगरपालिका, खण्डविकास कार्यालय, ग्रामपञ्चायत आदिमा विभाजित भई अघि बढेको देखिन्छ। क्षेत्रको प्रशासन व्यवस्थालाई सुविधाजनक ढङ्गमा चलाउने उद्देश्य लिएर कुनै एक वृहत क्षेत्रलाई स-साना क्षेत्रमा विभाजन गर्ने प्रणालीबाट एउटै स्थाननामहरुका आदि, मध्य र अन्तमा विभिन्न थरीका शब्दहरुको योगसँगै स्थाननामहरुमा प्रयुक्त ध्वनिहरुमा सामान्य परिवर्तन ल्याएर पनि विभिन्न किसिमका स्थाननामहरु अस्तित्वमा

आएको पाइन्छ। उदाहरण - *अप्पर गैरी गाउँ, लोवर गैरी गाउँ, उत्तर मुन्डा बस्ती, दक्षिण मुन्डा बस्ती, अप्पर डुमारम बस्ती, मिडल डुमारम बस्ती, कास्योम, कास्योन, पुबोङ, पुमोङ* आदि।

राजनैतिक जागरुकता आइसकेका जनसाङ्ख्यिकीय दृष्टिले बहुसङ्ख्यक गोर्खा जातिले दार्जिलिङ पहाडी क्षेत्रमा *हिलमेन एसोसिएसन, अल गोर्खा लिग, सी. पी. आई. एम., प्रान्त परिषद्, गोर्खा राष्ट्रिय मुक्ति मोर्चा* प्रभृत्ति राजनैतिक दलहरू गठन गरी दार्जिलिङलाई छुट्टै राज्य बनाउने मागमा विभिन्न थरीका कार्यकलाप सुरु गरेको पाइन्छ। फलस्वरुप २५.०७.१९८८ मा गोर्खा राष्ट्रिय मुक्ति मोर्चा, भारत सरकार र राज्य सरकारमाझ सम्झौता भएपछि २७.०९.१९८८ मा सुवास घिसिङको नेतृत्वमा *दार्जिलिङ गोर्खा पार्वत्य परिषद्* अर्ध-स्वचालित परिषद् गठन भयो। परिषद्को गठनसँगै क्षेत्रमा आएको परिवर्तनको प्रभाव स्थाननामहरुमा पनि पर्न जाँदा यहाँ *सुवास ग्राम, गङ्गामाया पार्क, सहिद सावित्री घिसिङ पथ*जस्ता स्थाननामहरु देखापरेका हुन्।

*दार्जिलिङ गोर्खा पार्वत्य परिषद्*अन्तर्गत दार्जिलिङ सदर, कालेबुङ र खरसाङ महकुमा लगायत लोहागढ वनविभाग, रङ्गामोहन, बडा चेङ्गा, पानीघट्टा, छोटा अदलपुर, पहारु, सुकना वनविभाग, सुकना १, महानदी वनविभाग, सालवारी छाँट भाग २, सिलगढी महकुमांबाट गाभियो।

यसबाहेक राज्य सरकारबाट परिषद्को हितार्थ प्रशासन व्यवस्थाको सुविधा र विकासलाई ध्यानमा राखी सिलगढी महकुमाभित्र नै पर्ने दार्जिलिङ मोड वरपरसम्मका भूभाग परिषद्ले प्रयोगमा ल्याउन सक्ने आदेश पारित भयो, यद्यपि दार्जिलिङको बदलिँदो राजनैतिक परिवेशका फलस्वरूप दार्जिलिङ गोर्खा पार्वत्य परिषद् २८ नोभेम्बर २००८ देखि एवम् नगरपालिकाहरू ११ अगस्त २००९ देखि महकुमा शासकको देखरेखमा अघि बढेको पाइन्छ। दार्जिलिङ पहाडी क्षेत्रको प्रशासनिक व्यवस्थाको सन्दर्भमा चर्चा गर्दा यसको स्थापनाकालदेखि आजसम्म नै कुनै नियमित वा सुव्यवस्थित प्रशासन दीर्घकालसम्म लागू भएको पाइन्न।

## ३.५. निष्कर्ष

त्रिभुज आकारको मानचित्रभित्र अवस्थित दार्जिलिङ पहाडी क्षेत्र पहाड-पर्वत, वन-जङ्गल, खोला-नाला आदिले ढाकिएको क्षेत्र हो। उत्तरतिर सिक्किम, भुटान, पश्चिमतिर नेपाल, भुटान, पूर्वतिर पश्चिम बङ्गालकै पश्चिम दिनाजपुरले घेरिएको दार्जिलिङ समुद्रतलदेखि १०,००० - १२,००० फुटको उचाइमा अवस्थित छ। नेपाली, बिहारी, बङ्गाली, मुसलमान, चिनियाँ आदि विभिन्न जाति बसोबासो गरिआएको यस पहाडी क्षेत्रको जनसङ्ख्या २००१ को गणनाअनुसार ६९,०,०४८ छन्।

भाषिक दृष्टिले यहाँ बहुभाषी जाति बसोबासो गरिआएका पाइन्छन्, यद्यपि यस पहाडी क्षेत्रमा सम्पर्कको भाषाको रूपमा नेपाली भाषा नै प्रचलित छ।

यहाँ अल्पसङ्ख्यक जातिका रूपमा देखापर्ने मारवाडी, बिहारी आदि जाति एवम् बहुसङ्ख्यक रूपमा देखापर्ने भोट-हिमालीमूलका भाषा बोल्ने नेपाली जातिभित्रकै विभिन्न जात-गोष्ठीका मानिसहरुले आ-आफ्नै भाषिक विशेषता र उच्चारण प्रणालीअनुसारको नेपाली भाषा बोल्ने गरेको पाइन्छ। यी विभिन्न भाषाहरूको प्रभाव सबैको साझा भाषा नेपालीमा पर्न जाँदा यहाँ बोलिने नेपाली भाषाको भाषिक विशेषता नै छुट्टै ढङ्गको देखिन्छ, तथापि नेपाली भाषाकै कारणले यहाँका बासिन्दाहरुलाई जातीय एकात्मकताको भावनाले एक सूत्रमा बाँधेको पाइन्छ। अनेकतामा एकताको उदाहरण स्वरुप देखापर्ने यहाँको सामाजिक परिवेश मिश्रित सांस्कृतिक विशेषताले युक्त छ।

यहाँको सामाजिक परिवेश पाश्चात्य सभ्यता, रहन-सहन, संस्कृति, भाषा आदिबाट प्रभावित देखिए पनि परम्परागत रुपमा चलि आएको जातिगत भिन्नतामा केन्द्रित रीतिरिवाज, भेषभूषा, खानपिन, आमोद -प्रमोद आदिले यहाँको परम्परालाई जीवित राखेको पाइन्छ।

यहाँको संस्कृति भारतीय हिन्दू संस्कृतिबाट प्रभावित र प्रेरित छ। यहाँ विभिन्न थरीका धार्मिक कर्मकाण्ड, संस्कार, चाडपर्व सराबरी रुपमा मनाइने गरेको पाइन्छ। यसैले गर्दा इन्द्रबहादुर राई यहाँको संस्कृतिमा प्रौधोगिकीकरणको विसरण, अनतर्जातीय मिश्रण, आर्यीकरण, क्षेत्रीय एवम् वाह्यगत विश्वासहरु, विधिहरु र आचारहरुको समावेश भएको ठान्छन्।[२६६]

अङ्ग्रेजहरुबाट स्थापित र विस्तारित दार्जिलिङ पहाडी क्षेत्रको प्रशासन व्यवस्था भने विभिन्न शासकहरुका आगमन फलस्वरुप परिवर्तित र विकसित देखिन्छ। यसको प्रशासन व्यवस्थाको ऐतिहासिक विवरण प्रस्तुत गर्दा दार्जिलिङको स्थापनाकालदेखि आजसम्म नै यहाँ अव्यवस्थित र अनिश्चित प्रशासन व्यवस्था पाइन्छ।

---

२६६. इन्द्रबहादुर राई,परिप्रेक्ष्यमा भारतीय नेपाली संस्कृति,पवन चामलिङ किरण (सम्पा.), निर्माण संस्कृति विशेषाङ्क, पृ. ७।